**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर

*The Worker Daily* दैनिक


Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : २० ★ ने. सं. ११४६ शिल्ला गा, दशमी ★ बिहीबार ★ २९ माघ, २०८२ ★ February 12, 2026, Thursday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


## "नेमकिपा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्ने र जनताको नि:स्वार्थ सेवा गर्ने पार्टी हो"



भक्तपुर, २८ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा चाँगुनारायण नगरपालिका वडा नं. ५ मिलनटोलमा बुधबार पार्टी कार्यकर्ता भेला भयो ।

भेलामा पार्टीका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टी आदर्श समाज निर्माण गर्ने उद्देश्यसहित स्थापना भएको उल्लेख गर्दै आदर्श समाजमा जनताका लागि शिक्षा-स्वास्थ्य नि:शुल्क, देशभित्र रोजगारीको बन्दोबस्त र सामाजिक न्याय एवम् मानिसको सांस्कृतिक स्तर उँचो हुन्छ भन्नुभयो ।

नेमकिपाको बहुमत प्राप्त भक्तपुर नगरपालिकाले देश र जनताको सेवा गर्न तथा नयाँ पुस्तालाई उच्च शिक्षाको अवसर प्रदान गर्न ख्वप कलेजहरू स्थापना गरेको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेमकिपा पुँजीवादी सरकारको लुछाचुँडीमा नलाग्ने र प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्ने देश जनताको नि:स्वार्थ सेवा गर्ने पार्टी हो । नेमकिपाले एक प्रकाशस्तम्भ भएर पुँजीवादी पार्टीहरूलाई खबरदारी गर्दै आएको छ; गरिरहनेछ ।"

"देशको बजेट शासक दलहरूको बपौती होइन । हामी संसद्मा दृढ भएर बजेट वितरणमा पक्षपात गर्ने शासक दलहरूलाई उदाङ्ग्याउने छौँ", उहाँले भन्नुभयो ।

सचिव सुवालले थप्नुभयो, "भनिन्छ, चिन्तनशील र प्रतिबद्ध नागरिकहरूको सानो समूहले संसार फेर्न सक्छ । हामी नेमकिपाका कार्यकर्ता र समर्थकहरू मिलेर देशलाई बाटो देखाइरहेका छौँ, हाम्रो आन्दोलन चालू रहनेछ ।"

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजूले संसद्बाट राष्ट्रघाती विधेयक र नीति पारित हुनबाट रोक्न बढीभन्दा बढी नेमकिपाका प्रतिनिधिहरू ससद्मा पुऱ्याउनु जरूरी छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपा चानपा वडा नं. ५ एकाइ समितिका अध्यक्ष रत्नबहादुर ह्यौंमिखालगायतले बोल्नुभएको थियो ।

## स्वच्छ छविका सही उम्मेदवार जनताको चाहना

काठमाडौँ, २८ माघ । आचरण र अनुशासनबाट तल झरेको, गिरेको, बिग्रेको व्यक्ति भ्रष्ट हो । अपवित्र र दुश्चरित्र व्यक्ति नै भ्रष्ट हो । पतित आचरण, दूषित मर्यादा भ्रष्टाचार हो । नियम वा कानुनविरुद्ध नैतिक पतन हुने काम गरी घुस खाई पक्षपातपूर्ण निर्णय र व्यवहार गर्ने काम, भ्रष्ट मनसाय वा घुसखोरीको काम भ्रष्टाचार हो । भौतिक तथा नैतिक रूपमा हुने भ्रष्टाचारलाई रोक्ने काम, घुसखोरी र अवैध व्यापार हुने वातावरणलाई हटाउने काम भ्रष्टाचार निवारण हो । प्रशासकीय क्षेत्रबाट हुने भ्रष्टाचार, ढिलासुस्ती, घुसखोरी आदि निवारण गर्ने उद्देश्यले गठित समिति भ्रष्टाचार निवारण आयोग हो । भ्रष्टाचार गर्ने आचरण भएको, नैतिक र भौतिक दुवै रूपमा आचरण पतन भएको भ्रष्टाचारी हो । यी विभिन्न शब्दको अर्थले घुस लिनु, अनियमितता गर्नु मात्रै भ्रष्टाचार होइन मति बिग्रिने, चरित्र बिग्रिनेहरू पनि भ्रष्ट हुन् ।

देशका शासकहरूको एक कमजोरी मति भ्रष्ट हुनु पनि हो । पद र पैसाको निम्ति राजनीति गर्दा शासक दलका नेताहरू मति भ्रष्ट भए । ठुला या सत्तासीन दलका कति नेताहरू आपराधिक क्रियाकलापमा फसे; कति अनियमित प्रकरणमा फसे; कति सुन काण्डमा परे त कति भुटानी शरणार्थी प्रकरण त कति सार्वजनिक जग्गा मुद्दामा फसे । शासक दलका नेताहरू स्वच्छ छविका भएनन् । स्वच्छ राजनीति नगर्दा तिनीहरूमा विकृति छायो । सिद्धान्त र विचार बन्धक बनाइयो । सिद्धान्त र विचारबाट सुसूचित पारेर जनताको विश्वास जित्नुभन्दा लोभलालच देखाएर , मन भड्काएर, दल फुटाएर, आश्वासन दिएर आफूतिर तान्ने काम भयो । यो पनि भ्रष्ट मतिको एक सूचक हो ।

मति भ्रष्ट भएका नेता तथा कार्यकर्ताहरूले साँचो मानेमा देश बनाउँदैनन्; देशलाई आत्मनिर्भर बनाउनेतर्फ पूर्वाधार तयार गर्दैनन् । सरकारको पक्षपातपूर्ण निर्णय, विभेद पनि मति भ्रष्टकै कारक हो । जो भ्रष्ट मतिको छ उसले स्वच्छ छवि राखेर राजनीति गर्ला भन्ने विश्वास कसरी गर्ने ? इमान जवान खल्तीमा राखेर विकृत फैलाउने, हावादारी गफ हाँकेर जनता झुक्याउने काम कहिले पनि न्यायोचित हुँदैन । कम्युनिस्टको सिद्धान्त र विचार बोकेर कम्युनिस्टविरोधी गतिविधि गर्नु, सिद्धान्त र विचार बन्धक राखेर भागबन्डा गरी अवसर खोज्ने काम पनि सद्दे होइन या भ्रष्ट मति नै हो । पैसा बाँडेर जनताको मत लिने काम ठीक हुँदै होइन । अत: यो निर्वाचनमा भ्रष्ट मति भएका हरेक उम्मेदवारलाई हराउनुपर्छ । भ्रष्टहरूलाई हराउनु पनि एक प्रकारको विजय हो ।

अबको प्रतिनिधिसभामा कुनै पनि भ्रष्ट आचरणका उम्मेदवारहरू नजितून् । प्रतिनिधिसभामा भ्रष्टाचारी, ठेकेदार, अपराधी, चरित्रहीन व्यक्तिहरूलाई ठाउँ दिनु हुँदैन । कालाबजारी, गुण्डा, उच्छृङ्खल गतिविधिमा सरिक उम्मेदवारहरू निर्वाचित गराएर परिवार, समाज र देश बन्दैन । देशमा साँच्चै सुशासन ल्याएर सुसंस्कृत, सभ्य समाज स्थापना गर्ने हो भने इमानदार, दूरदर्शी, देशभक्त र बहुमत जनताको पक्ष लिने सांसदहरूको खाँचो छ । नेपाली जनताले कुनै पनि आपराधिक प्रकरणमा मुछेका, फसेका व्यक्तिहरूलाई निर्वाचित गर्नु हुँदैन । त्यस्ता चरित्रका पात्रहरूलाई निर्वाचित गराउनु भनेको आफ्नो खुट्टामा आफैले हान्नुसरि हुनेछ । अत: यो निर्वाचनमा स्वच्छ छविका सही उम्मेदवार निर्वाचित गर्नुपर्छ । सही व्यक्ति छान्न सही व्यक्ति या मतदाताहरूको खाँचो छ ।


**जाडोबाट बच्ने उपाय।**

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दमका बिरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोबाट बचौं र बचाऔं।
- सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं।

कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## शिक्षा, स्वास्थ्य नि:शुल्क र युवालाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्ने



कैलाली, २८ माघ । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा पार्टीको ५२ स्थापना दिवसको अवसरमा मङ्गलबार लम्की-चुहा नपाको चौरीमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भको रूपमा काम गरिरहेको स्पष्ट पार्नुभयो । उहाँले कामदार जनता राजनीतिक रूपमा सचेत भई सङ्गठित हुन आवश्यक भएको बताउनुभयो ।

देशको राजनीतिमा नेमकिपाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै उहाँले फागुन २१ मा हुने निर्वाचन विचार र घोषणापत्रको सङ्घर्ष भएको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य नि:शुल्क र युवालाई स्वदेशमै रोजगारीको निम्ति लड्ने पार्टी देशको निम्ति आवश्यक भएको विचार उहाँले व्यक्त गर्नुभयो ।

नेमकिपा कैलालीका सचिव गगनबहादुर थापामगरले नेमकिपाले वैदेशिक हस्तक्षेप, सीमा अतिक्रमण, नागरिकता विधेयक, एमसीसी सम्झौता, कोसी नदी, गण्डकी नदी, महाकाली नदी र कर्णाली नदीजस्ता राष्ट्रघाती सन्धि-सम्झौता खारेजीको माग गर्दै आएको छ भन्नुभयो ।


नेक्रामहिला सङ्घ केन्द्रीय सहसचिव एवं कैलाली क्षेत्र नं २ का उम्मेदवार लक्ष्मी पुनमगरले गरिबवर्गको हितमा काम गर्नेलाई मत हाल्न अनुरोध गर्नुभयो ।

महिला राजनीतिमा सक्रिय रूपमा संलग्न हुन आवश्यक भएको उल्लेख गर्दै उहाँले अहिलेसम्मका सरकार पुँजीवादी भएकोले जनताको समस्या समाधान नभएको र समाजवादी व्यवस्थाले जनताको समस्या समाधान गर्ने बताउनुभयो ।

नेमकिपा कैलालीका सदस्य एवं समानुपातिक उम्मेदवार तारा तिरुवाले निर्वाचनमा देशभक्त पार्टीलाई मत हाल्न आग्रह गर्नुभयो ।

नेक्राकिसानसङ्घ कैलालीका सदस्य रणबहादुर रोकाया, नेक्रायुवासङ्घ कैलाली सदस्य एवं कैलाली क्षेत्र नं ४ उम्मेदवार अमृता भुल र नेक्राविद्यार्थीसङ्घ कैलाली सदस्य एवं कैलाली क्षेत्र नं ५ का उम्मेदवार तिर्सना पुनमगरले निर्वाचनमा देश र जनताको सेवा गर्ने दल रोज्नुपर्ने बताउनुभयो ।

**व्यङ्ग्यचित्र कुनो**





काठमाडौं क्षेत्र न.५ मा देशको सार्वभौमिकता भू-अखण्डताको रक्षाको लागि सदन र सडकमा आवाज उठाउने पार्टी नेमकिपाका उम्मेदवार शोभालाल श्रेष्ठ जनतासित भेटघाट गर्दै । *तस्बिर : मजदुर दैनिक*

# एक करोड ५० लाखभन्दा बढी मतपत्र छपाइ

काठमाडौँ, २८ माघ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ५३ जिल्लाका ११७ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

बुधबारसम्म एक करोड ५० लाखभन्दा बढी मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम ( नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रूपन्देही र रोल्पा गरी ५३ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो ।

मङ्गलबारसम्म ४७ जिल्लाको मतपत्र छपाइ सकिएको थियो । बुधबार थप छ जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ । यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उहाँले बताउनुभयो । हालसम्म १३ हजार ३२१ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा एक हजार बाकस मतपत्र प्याकिङ र १३ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लाहरूमा पठाइसकिएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ ।

प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो । ***रासस***

# जितेन्द्र रसिकको बाल उपन्यास 'साइबोर्ग' सार्वजनिक

काठमाडौँ, २८ माघ । साहित्यकार जितेन्द्र रसिकको १८ औँ कृति बाल उपन्यास 'साइबोर्ग' सार्वजनिक भएको छ । बुधबार इटर्नल पब्लिकेसनका प्रकाशक यमुना पराजुली र एजुकेसन पब्लिसिङ बुक हाउस काठमाडौँ जमलका प्रतिनिधि तथा व्यवस्थापकहरू शीतल सुकुभटु, रमण राउट, भजन राउटलगायतले संयुक्तरूपमा उपन्यास लोकार्पण गर्नुभएको हो ।

'साइबोर्ग' उपन्यास साहित्यकार जितेन्द्र रसिकको विज्ञान उपन्यास हो । यो उपन्यासमा विज्ञानको उन्नतिले भविष्यमा कस्तो अवस्था सिर्जना हुनसक्छ भन्ने सुन्दर परिकल्पनाहरू समावेश रहेको प्रकाशक यमुना पराजुलीले बताउनुभयो । के विज्ञानले मानिसलाई कहिल्यै नमर्ने बनाउन पनि सक्दछ भन्ने



प्रश्नको पनि यसले तर्कसम्मत सम्भावना देखाएको पराजुलीको भनाइ छ । बालबालिका र किशोरकिशोरीमा कल्पना, जिज्ञासा र तर्कशीलता बढाउनका लागि यो पुस्तक प्रभावकारी बन्ने उपन्यासकार जितेन्द्र रसिकले बताउनुभयो ।

लोकार्पणसँगै बाल उपन्यास साइबोर्ग एजुकेसनल पब्लिसिङ बुक हाउस, रत्नपुस्तक भण्डारलगायतबाट उपन्यास बिक्री थालिएको छ । इटर्नल पब्लिकेसन्स र एजुकेसनल पब्लिसिङ बुक हाउसले सहकार्य थालेको हो । लेखक रसिकका यसअघि बाल साहित्यमा एलियनको पृथ्वी भ्रमण ( बाल कथासङ्ग्रह), हावा फल्ने रूख ( सचित्र बालकथा), एङ्ग्री बर्ड (बालकथा सङ्ग्रह), बेलबहादुरसँग बिहे (सचित्र बालकथा ३ संस्करण), गुलेली ( बालकथासङ्ग्रह), हनुमानको करामत ( सचित्र बालकथा), जाडुगर एआई ( सचित्र बालकथा) प्रकाशित छन् । रसिकको उपन्यास,गजल, संस्कृति, जीवनीलगायत विधामा ११ कृति प्रकाशित छन् ।

उहाँका करिब एक दर्जन गीत गजल पनि रेकर्ड भइसकेका छन् । उहाँ नेपालभाषा संस्कृति र साहित्यको क्षेत्रमा पनि सक्रिय हुनुहुन्छ ।

# दैनिक १५ लाख मतपत्र छपाइ : बिहीबारदेखि वितरण गरिने

भक्तपुर, २८ माघ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि दैनिक १५ लाख मतपत्र छपाइ गरिरहेको छ ।

केन्द्रका कार्यकारी प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले मतपत्र छपाइको अवस्थाबारेमा बुधबार जानकारी दिँदै प्रत्यक्षतर्फ कुल दुई करोड तीन लाख थान मतपत्र छपाइ गर्नुपर्नेमा बुधबार बिहानसम्म एक करोड ५३ लाख मतपत्र छपाइ सम्पन्न गरेको जानकारी दिनुभयो ।

उहाँले दैनिक १३ लाख मतपत्र छपाइ भइरहेकोमा अहिले मतपत्र छपाइ वृद्धि गरी दैनिक १५ लाख मतपत्र छपाइ भइरहेको र शुक्रबारसम्ममा सबै मतपत्र छपाइ सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको उहाँले जानकारी दिनुभयो । केन्द्रका कार्यकारी प्रबन्ध सञ्चालक पौडेलले भन्नुभयो, "प्रत्यक्षयतर्फको मतपत्र छपाइ कार्य तीव्रगतिमा भइरहेको छ, ५० लाख मतपत्र छपाइ बाँकी छ, शुक्रबार साँझसम्म सबै मतपत्र छपाइ सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ, ढिलोमा शनिबारसम्म मतपत्र छपाइ सकिन्छ ।"

उम्मेदवार धेरै भएको जिल्लामा ठुलो आकार र थोरै उम्मेदवार भएको जिल्लामा सानो मतपत्र छाप्नुपर्ने हुँदा केही समय छपाइ सम्पन्न हुन ढिलाइ भएको केन्द्रको भनाइ छ । केन्द्रले छपाइ सम्पन्न गरेका १० लाख नमुना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुऱ्याइसकेको छ भने दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी प्याकिङ सम्पन्न गरी केन्द्रले प्रत्यक्षतर्फको मतपत्र छपाइ सुरु गरेको थियो ।

उहाँले बिहीबारदेखि छपाइ भएको मतपत्र जिल्ला जिल्लामा पठाउन सुरु गरिने भएको छ । केन्द्रका प्रबन्ध सञ्चालक पौडेलले बिहीबारदेखि दुर्गम क्षेत्रमा मतपत्र वितरण गरिने जानकारी दिँदै उहाँले फागुन १० देखि १२ गतेभित्र सबै जिल्लामा मतपत्र पुऱ्याइसक्ने बताउनुभयो ।

# दूधपाटीका औषधि पसलहरूमा अनुगमन

भक्तपुर, २८ माघ । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा दूधपाटीमा रहेको औषधि पसलहरूमा बुधबार अनुगमन गरियो ।

उहाँले अनुगमनमा फार्मेसिस्ट वा औषधि व्यवस्था विभागबाट ओरिन्टेसन पास अनुमति प्राप्तले मात्र औषधि बिक्री वितरण गर्न पाउने बताउनुभयो ।

उहाँले अनुगमनमा औषधि पसल दर्ता नवीकरण गर्नुपर्ने, सरसफाइमा ध्यान दिनुपर्ने, म्याद नाघेको औषधि छुट्टै स्थानमा भण्डारण गर्नुपर्ने, औषधि व्यवस्था विभागको पनि नवीकरण गर्नुपर्ने बताउनुभयो ।

शास्वतक फार्मेसी, कार्यविनायक फार्मेसी, प्राइम डेन्टल क्लिनिक, भिग्नेश्वर फार्मेसी, न्यातापोल फार्मेसी,आरभ एन्ड मुस्कान मेडिकल हल, संस्कृता फार्मेसी, डोलेश्वर फार्मेसी, नःपुखु फार्मेसी, समृद्धि फार्मेसी, बाराही फार्मेसीमा अनुगमन गरेको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

अनुगमनमा अनुगमन समितिका सदस्य एवं वडाध्यक्ष श्यामकृष्ण खत्री, रोशनमैँया सुवाल, रीता फसिकवा, भनपा श्यानिटेसनका न.नि. दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेबी व्याञ्जू, महानगरीय प्रहरी परिसरका प्र.स.नि. कमलकुमार श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज खत्री, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, भक्तपुर घरेलु तथा साना उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुला र ख्वप अस्पतालका सृजना बासुकलाको सहभागिता थियो ।

# ६७४३ वटा वडामा सञ्चालन हुनेछ मतदाता शिक्षा कार्यक्रम

काठमाडौँ, २८ माघ । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई थप भव्य र व्यवस्थित बनाउने उद्देश्यका साथ मतदाता शिक्षा विशेष कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

मतदान प्रक्रियालाई सहज, सरल बनाउन, बदर हुने प्रतिशत घटाउनका लागि आयोगले आगामी फागुन ३ गतेदेखि १७ गतेसम्म देशव्यापी रूपमा सो कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

देशभरका ७५३ वटै स्थानीय तहका छ हजार ७४३ वटा वडामा नै एक/एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

स्वयंसेवकले मतदाताको घर, बस्तीमा पुगेर नमुना मतपत्रको माध्यमबाट निर्वाचनको महत्त्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराउने कार्यक्रम तय भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । आयोगले विगतदेखि नै सबै स्थानीय तहमा एक/एक जना सम्पर्क व्यक्ति तोक्ने गरेको थियो ।

सोही सम्पर्क व्यक्तिलाई नै मतदाता शिक्षा कार्यक्रमको अनुमगनकर्ताका रूपमा तोकेको थियो । मतदाता शिक्षाले निर्वाचनमा मतदाताको सहभागिता बढाउनेदेखि बदर मतको अनुपात न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने आयोगको विश्वास छ ।

आयोगले मतदाता शिक्षा कार्यक्रमका लागि सातै प्रदेश सरकार, ७५३ वटै स्थानीय तह, निर्वाचनको प्रतिस्पर्धामा रहेका राजनीतिक दल, उम्मेदवार तथा सञ्चार जगतलगायत सम्पूर्ण सरोरकारवाला सबैलाई आयोगले अनुरोध गरेको छ ।

आमनागरिकलाई मताधिकारको महत्त्व र मतदानको प्रक्रियाका बारेमा जानकारी दिने लक्ष्यका साथ मतदाता शिक्षा कार्यक्रम अगाडि बढाउन लागेको हो । ***रासस***

# काठमाडौँको वायु प्रदूषण अझै अस्वस्थ

काठमाडौँ, २८ माघ । काठमाडौँ उपत्यकाको वायु प्रदूषण बुधबार पनि अस्वस्थको तहमा पुगेको छ । 'एयर क्वालिटी इन्डेक्स (एक्युआई) अनुसार बुधबार मध्याह्नसम्म काठमाडौँ उपत्यकाको वायु प्रदूषण १९२ एक्युआई मापन गरिएको हो ।

आइतबार काठमाडौँ उपत्यकाको वायु प्रदूषण १७५ एक्युआई मापन गरिएको थियो । प्रदूषण बढेर मङ्गलबार १९२ एक्युआई मापन गरिएको थियो । बुधबार पनि प्रदूषण कम नभएको वातावरण विभागले जनाएको छ ।

विभागका महानिर्देशक ज्ञानराज सुवेदीले लामो समयदेखि वर्षा नहुँदा र हावा नचल्दा वायुमण्डलमा प्रदूषकतत्व थुप्रिँदै गएको बताउनुभयो । "उपत्यका कचौरा आकारको छ, हावा नचल्दा र वर्षा नहुँदा यहाँको प्रदूषण अन्यत्र जान सक्दैन ।

वर्षा नभएसम्म प्रदूषणको मात्रा अझै वृद्धि हुनसक्ने उहाँको भनाइ छ । दिगो र वातावरणमैत्री विकासका उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएको उहाँले बताउनुभयो । बुधबार काठमाडौँ विश्वका सबैभन्दा प्रदूषित सहरमध्ये आठौँ स्थानमा सूचिकृत भएको छ । विश्वकै सबैभन्दा प्रदूषित सहरको रूपमा भारतको नयाँ दिल्ली सूचिकृत भएको छ । जहाँ वायु प्रदूषण २४७ एक्युआई मापन गरिएको छ ।

विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीका अनुसार शून्यदेखि ५० एक्युआई राम्रो (हरियो सङ्केत), ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेँलो सङ्केत) मानिन्छ । त्यस्तै, १०१ देखि १५० एक्युआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ । एक सय ५१ देखि २०० एक्युआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्युआई धेरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ ।

काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार नेपाल सरकारले एक्युआई ३०० भन्दा बढी पुगेको अवस्थालाई विपद् मान्ने व्यवस्था गरेको छ । यस्तो विपद् न्यूनीकरणका लागि फोहर बाल्ने कार्य रोक्ने, सडक सफाइका लागि ब्रुमर तथा भ्याकुमको प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने व्यवस्था कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्, चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण तथा जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सरकारी रणनीति रहेको छ । प्रमुख सहर, औद्योगिक क्षेत्र तथा प्रदूषणको जोखिम रहेका स्थानमा गुणस्तर मापन केन्द्र स्थापना गरी वायु, जल र ध्वनि गुणस्तरको नक्साङ्कन गरिने उल्लेख गरिएको छ ।

# विज्ञानमा महिला तथा बालिकाको सहभागिता बढाउनुपर्नेमा जोड



काठमाडौँ, २८ माघ । बुधबार विज्ञानमा महिला तथा बालिकाहरूको अन्तर्राष्ट्रिय दिवस हो । महिला तथा बालिकाहरूलाई विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणितसम्बन्धी क्षेत्रमा समान पहुँच र सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै यो दिवस विश्वका विभिन्न देशमा मनाइँदै छ ।

संयुक्त राष्ट्रसङ्घले २२ डिसेम्बर २०१५ मा प्रस्ताव पारित गर्दै प्रत्येक वर्ष फेब्रुअरी ११ लाई यो दिवसका रूपमा मनाउने निर्णय गरेअनुरूप सन् २०१६ देखि यो दिवस मनाउन प्रारम्भ भएको हो ।

विश्वभर विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितसम्बन्धी सबै तहका विषयहरूमा लामो समयदेखि लैङ्गिक असमानता रहँदै आएको छ । महिलाहरूले उच्च शिक्षामा सहभागिता विस्तार गर्ने दिशामा उल्लेखनीय प्रगति गरे तापनि यी क्षेत्रहरूमा उनीहरूको प्रतिनिधित्व अझै पनि न्यून छ ।

लैङ्गिक समानता संयुक्त राष्ट्रसङ्घको प्रमुख 'एजेन्डा' मध्ये एक रहँदै आएको छ । महिला तथा बालिकाहरूको सशक्तीकरण र लैङ्गिक समानताले विश्वको आर्थिक विकासमा मात्र नभई दिगो विकासका लागि २०३० कार्यसूचीअन्तर्गतका सबै लक्ष्य तथा उद्देश्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने उक्त विश्व संस्थाले बताउँदै आएको छ ।

महिलासम्बन्धी राष्ट्रसङ्घीय आयोगले सन् २०११ मार्च १४ मा सम्पन्न आफ्नो पचपन्नौँ अधिवेशनमा शिक्षा, तालिम तथा विज्ञान र प्रविधिमा महिला तथा बालिकाहरूको पहुँच र सहभागिता विस्तार तथा पूर्ण रोजगारी र सम्मानजनक काममा महिलाको समान पहुँच प्रवर्द्धन गर्ने विषयमा सहमत निष्कर्षसहितको प्रतिवेदन पारित गरेको थियो ।

त्यसैगरी, सन् २०१३ डिसेम्बर २० मा महासभाले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी प्रस्ताव पारित गर्दै सबै उमेर समूहका महिला तथा बालिकाहरूलाई विज्ञान, प्रविधि र नवप्रवर्तनमा पूर्ण तथा समान पहुँच र सहभागिता सुनिश्चित गर्नु लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि अपरिहार्य भएको बताएको थियो ।

विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित क्षेत्रमा प्रत्येक बालिकाले आफ्नो भविष्यको कल्पना गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्ने तथा प्रत्येक महिलाले आफ्नो वैज्ञानिक करियरमा निरन्तर प्रगति गर्न सक्ने अवसर सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

यस अवसरमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले वक्तव्य जारी गर्दै विज्ञान तथा प्रविधिमा महिला तथा बालिकाको पूर्ण र समान सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको छ । ***रासस***

# आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण

काठमाडौँ, २८ माघ । सरकारले मुलुकको आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ । चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामा यस्तो प्रक्षेपण गरिएको हो ।

चालु आवको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर छ प्रतिशत हुने अनुमान गरिएको थियो । तर, धानको उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा आएको कमी, निर्माण क्षेत्रमा देखिएको सुस्तता र घरजग्गा कारोबारमा आएको गिरावटलगायत कारणले आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा खुम्चिने गरी अर्धवार्षिक समीक्षामा नयाँ प्रक्षेपण सार्वजनिक गरिएको हो । गत आवमा भने कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ४.६ प्रतिशत रहेको अनुमान छ ।


बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार चालु आवको प्रथम त्रैमासिक अवधिमा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा तीन प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ । गत आवको सोही अवधिमा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा यस्तो वृद्धि २.९ प्रतिशत रहेको संशोधित अनुमान छ ।

चालु आवको पहिलो त्रैमासमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आवको सोही अवधिको तुलनामा १.३६ प्रतिशतले विस्तार हुने अनुमान छ । विशेषत: धानको उत्पादन घट्ने र पशुपन्छी, तरकारी बाली तथा फलफूल उत्पादनमा वृद्धि हुने अनुमानको आधारमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर तुलनात्मक रूपमा न्यून रहने अनुमान गरिएको छ । चालु आवमा मकै, कोदो, फापरलगायत खाद्यान्न बालीको उत्पादन भने बढ्ने अनुमान छ । गत आवमा धान, गहुँ, मकैलगायत खाद्यान्न बालीको उत्पादन २.६७ प्रतिशत र नगदेबालीको उत्पादन २.०१ प्रतिशतले बढेको अनुमान छ ।

चालु आवको पहिलो त्रैमासमा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आवको सोही अवधिको तुलनामा ५.४४ प्रतिशतले विस्तार हुने अनुमान छ । चालु आवमा ऊर्जा र निर्माण क्षेत्रका क्रियाकलापमा विस्तार हुँदा सोको सकरात्मक प्रभाव समग्र उद्योग क्षेत्रमा पर्ने अनुमान छ । चालु आवको पहिलो त्रैमासमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि १.५२ प्रतिशतले विस्तार हुने अनुमान छ ।

यही अवधिमा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आवको सोही अवधिको तुलनामा ३.०३ प्रतिशतले विस्तार हुने अनुमान छ । चालु आवमा थोक तथा खुद्रा व्यापार, वित्तीय मध्यस्थता, सामान्य प्रशासन तथा रक्षा, पर्यटकीय गतिविधि र व्यक्तिगत सेवाका क्रियाकलापमा विस्तार हुँदा समग्र सेवा क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान छ ।

बजेट मध्यावधि समीक्षा प्रतिवेदनअनुसार चालु आवको प्रथम छ महिनाको औसत मुद्रास्फीति १.७ प्रतिशत छ । अघिल्लो वर्षको सोही अवधिमा मुद्रास्फीति ४.९७ प्रतिशत थियो । ***रासस***



**राष्ट्रिय गाई प्रदर्शन प्रतियोगितामा विभिन्न जातका गाई**

भरतपुरस्थित चितवन प्रदर्शनी केन्द्रमा जारी अन्तर्राष्ट्रिय डेरी प्रदर्शनीअन्तर्गत बुधबार आयोजित राष्ट्रिय गाई प्रदर्शन प्रतियोगितामा ल्याइएका विभिन्न जातका गाईहरू । *तस्बिर: सनद अधिकारी/रासस*

# सुक्खाबन्दरगाहमा छ महिनामा ५७२ रेल्वे र्‍याकमार्फत सामान भित्रियो




वीरगञ्ज (पर्सा), २८ माघ । वीरगञ्ज भन्सार कार्यालयमातहतको सुक्खाबन्दरगाहमा चालु आर्थिक वर्षको छ महिनामा ५७२ रेल्वे र्‍याकमार्फत मालवस्तु तथा सामान भित्रिएको छ ।

नेपाल इन्टरमोडल यातायात विकास समिति वीरगञ्जका कार्यालय प्रमुख कमल ज्ञवालीका अनुसार भारतीय रेल्वे सेवामा देखापरेको 'हल्टेज' को समस्याको कारणले चालु आवमा रेल्वे र्‍याक आउने क्रममा केही गिरावट आएको छ । गत आवको छ महिनाको तुलनामा चालु आवको छ महिनामा १६ कम रेल्वे र्‍याकमार्फत वस्तु तथा सामान भित्रिएका छन् ।

गत आवको छ महिनामा भने ५८८ रेल्वे र्‍याकमार्फत वस्तु तथा सामान भित्रिएको थियो । वीरगञ्जको सुक्खाबन्दरगाहमा भारतको कोलकत्ता र हल्दिया पोर्ट र विशाखापटनम लगायतका बन्दरगाहबाट रेलमार्फत मालसमान ल्याउने गरिन्छ । एक पटकमा रेल्वे र्‍याकमार्फत ४० फुट क्षमताका ४५ कन्टेनरमा मालवस्तु ल्याउन सकिन्छ भने २० फुट क्षमताको भने ९० वटा कन्टेनरमा मालवस्तु ल्याउन सकिन्छ ।

नेपाल इन्टरमोडल यातायात विकास समिति वीरगञ्जका कार्यालय प्रमुख कमल ज्ञवालीले गत आर्थिक वर्षको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा रेल्वेर्‍याकमार्फत हुने आयातमा १६ वटा रेल्वेर्‍याकमार्फत कमी आएको बताउनुभयो । चालु आवको साउनमा ९४ र्‍याक, भदौमा ९० र्‍याक, असोजमा १०१ र्‍याक, कार्तिकमा ९१ र्‍याक, मङ्सिरमा ९२ र्‍याक र पुस महिनामा १०४ रेल्वे र्‍याकमार्फत वस्तु तथा सामान ल्याइएको थियो ।

गत आवको साउनमा ९९ रेल्वे र्‍याक, भदौमा १०२ वटा, असोजमा ११० वटा, कार्तिकमा ७९ वटा, मङ्सिरमा ९० र पुसमा १०८ रेल्वे र्‍याकमार्फत वस्तु तथा सामान भित्राइएको थियो । सुक्खाबन्दरगाहमा विशेष गरी स्पन्ज आइरन,रासायनिक मलखाद, जिप्सन तथा फलाम, कोइलालगायतका आयात गर्ने गरिन्छ ।

यहाँको वीरगञ्ज भन्सार कार्यालय मातहतको सुक्खाबन्दरगाह सञ्चालन र व्यवस्थापन गर्ने प्रिष्टिन भ्यालीका 'अपरेसन इन्चार्ज' अभिषेक मिश्रले भारतीय रेल्वे प्रणालीमा विगत दुई महिनाअघि देखिएको समस्या अहिले बिस्तारै कम हुँदै गइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "केही महिनाअघिसम्म भारतको विहार राज्यमा निर्वाचन र चाडपर्वको कारणले पनि रेलसेवा केही प्रभावित भएको थियो । अहिले रेलसेवा केही सहज भइरहेको छ ।" उहाँले कोलकोत्ताबाट मालबाहक सामान बोकेको रेल्वे र्‍याक वीरगञ्जसम्म आइपुग्न करिब आठ दिन लाग्ने र विशाखापटनमबाट भने करिब १० दिन लाग्ने दाबी गर्नुभयो । ***रासस***

# 'एआई' प्रविधिद्वारा किसानलाई 'डिजिटल' कृषि सल्लाह उपलब्ध गराउन 'कनेक्ट' किसान र एनएएएमपीबिच सहकार्य

काठमाडौँ, २८ माघ । 'एआई' प्रविधिद्वारा किसानलाई डिजिटल कृषि सल्लाह उपलब्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (एनएएएमपी) र कनेक्ट किसान प्रालिबिच सम्झदारीपत्रमा हस्ताक्षर गरिएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको तर्फबाट कार्यक्रम निर्देशक हिक्मतकुमार श्रेष्ठ र कनेक्ट किसानको तर्फबाट निर्देशक राजन दाहालले सो सम्झदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो ।

यसबाट नेपाली किसानलाई 'डिजिटल प्लेटफर्म' मार्फत कृषिसम्बन्धी समस्या समाधानमा सजिलो हुने विश्वास गरिएको छ । कनेक्ट किसानले विकसित गरेको 'भ्वाइस बेस' र 'टेक्स्ट बेस एआई एडभाइजरी' प्रविधिले किसानलाई खेतबारीमा प्रत्यक्ष सहायता पुऱ्याउनेछ । यो प्रणालीमा किसानले खेतीबारीमा काम गर्दा आउने समस्याजस्तै मल, बजार, रोग र कीरा व्यवस्थापनको तत्काल समाधान वा सुझाव प्राप्त गर्न सक्नेछन् ।

सो अवसरमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कार्यक्रम निर्देशक श्रेष्ठले किसानलाई डिजिटल प्लेटफर्ममा पुऱ्याउन र समस्या समाधानमा सहयोग पुऱ्याउन कनेक्ट किसानसँग सम्झौता गरिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "किसानले आफ्नो खेतबारीमा जुनसुकै समस्या आए पनि तत्काल समाधान पाउन सक्नेछन् । साथै, ठूला वा जटिल समस्याहरूको लागि प्रविधिक र अनुसन्धान टोलीले पनि सहयोग गर्नेछ ।" कृषि नीतिगत चुनौतीजस्तै बजारमा पहुँच नपाउनु, मल अभाव, रोग व्यवस्थापनजस्ता समस्या पनि एआई प्रणालीमा डेटा बनाइने र भविष्यमा त्यसको आधारमा समाधानको योजना तयार पारिने निर्देशन श्रेष्ठले बताउनुभयो ।

कनेक्ट किसानका निर्देशक दाहालले भारतमा प्रविधिमैत्री किसानले एआईको प्रयोग गरेर उत्पादन वृद्धि गरिरहेका र नेपालमा पनि यस्ता प्रविधि प्रयोग गर्दा किसानलाई सहयोग पुग्ने बताउनुभयो । उहाँका अनुसार किसानहरूले यदि नीतिगत समस्या वा बजारसँग सम्बन्धित चुनौती देखेका छन् भने वा खेतीमा रोग-कीरासम्बन्धी अनुसन्धान आवश्यक छ भने उनीहरूले यी जानकारीहरू एआई प्रविधिको माध्यमबाट पठाउन सक्नेछन् । पठाइएको जानकारी सङ्कलन गरी एनएएएमपीले आवश्यक कदम चाल्न प्रयोग गरिनेछ । उहाँले भन्नुभयो, "हाम्रो एआई प्रणालीले किसानलाई व्यक्तिगत कृषि सल्लाह दिन सक्षम छ ।" यस सम्झौताको माध्यमबाट किसानको समस्या दीर्घकालीन रूपमा समाधान गर्ने उद्देश्य राखिएको छ । ***रासस***

**। सम्पादकीय ।**

# भ्रष्टाचार पुँजीवादी व्यवस्थाको छाया

ट्रान्सपरेन्सी इन्टरनेसनलले गरेको भ्रष्टाचारसम्बन्धी मूल्याङ्कन कति सही या गलत त्यो आफ्नो ठाउँमा छ । तर, पुँजीवादी व्यवस्थामा भ्रष्टाचार र अनियमितता छायासरि हुन्छ भन्नेमा शङ्का छैन । पुँजीवादी बन्दोबस्त भएको नेपालमा भ्रष्टाचार र अनियमितता हुनु अस्वाभाविक होइन । भ्रष्टाचार बढी र घटी हुने कुरा सरकारहरूको हातमा भरपर्छ । शासकहरू इमानदार र नि:स्वार्थी भएनन् भने भ्रष्टाचार स्वाभाविक रूपमा बढ्छ । भ्रष्टाचारविरोधी अभियान नचलाउँदा, भ्रष्टाचारीमाथि कारबाही नगर्दा, भ्रष्टाचार गर्नुहुन्न भनी शासकहरूले आफ्ना नेता तथा कार्यकर्तालाई दीक्षित नगर्दा भ्रष्टाचारले व्यापकता पाएको हो । भ्रष्टाचार सिंहदरबारदेखि स्थानीय तहसम्म पुगेको हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको मूल्याङ्कनअनुसार यो वर्ष पनि नेपाल बढी भ्रष्टाचार हुने सूचीमा परेको छ । अन्तर्राष्ट्रिय सूचकाङ्कमा नेपाल भ्रष्टाचारको सूचीमा परेको हो । प्रतिवेदनअनुसार नेपाल भ्रष्टाचारको सूचीमा १ सय ८२ मुलुकमध्ये १०९ औँ स्थानमा परेको छ । भ्रष्टाचारको सूचकाङ्कमा नेपालले ३४ अङ्क प्राप्त गरेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्व बैङ्क, वल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, वर्टेल्सम्यान फाउन्डेसन, वल्ड जस्टिस प्रोजेक्टमार्फत सर्वेक्षण गरेको थियो । नेपाल भ्रष्टाचार बढी हुने सूचाङ्कमा पर्नु भनेको शासकहरू इमानदार नहुनु हो; शासकहरू भ्रष्टाचारी, कमिसनखोर र आपराधिक व्यक्तिहरूको घेरामा रहनु हो; भ्रष्टाचारीमाथि कारबाही नगर्नु हो । माघ २८ गते प्रकाशित विभिन्न पत्रपत्रिकामा भ्रष्टाचारसम्बन्धी समाचार र लेख प्रकाशित भयो । पत्रिकामा 'भ्रष्टाचार नियन्त्रणमा नेपालको स्तर सुध्रेन', 'भ्रष्टाचार अन्त्य नारा होइन, कार्यान्वयनमा चाहियो','भ्रष्टाचारको अन्तर्राष्ट्रिय सूचकाङ्कमा सुध्रिएन नेपाल', 'भ्रष्टाचार नियन्त्रणमा नेपाल स्थिर' र 'नेपाल भ्रष्टाचारको सूचकाङ्कमा झन् तल' जस्ता शीर्षकका समाचार छापियो । पत्रिकामा छापिएका यी समाचारले नेपाल भ्रष्टाचारको गन्धबाट हट्न नसकेको या नेपाल भ्रष्टाचारले डुङडुङती गन्हाएको थाहा हुन्छ ।

देशमा सुशासन छ कि कुशासन छ भन्ने चिन्ने एक आधार भ्रष्टाचारको दुर्गन्ध पनि हो । सिंहदरबारदेखि स्थानीय तहसम्म भ्रष्टाचारको दुर्गन्ध फैलिएको छ भने देशमा कसरी सुशासन हुन्छ ? सरकारको नेतृत्व गर्ने दल कति सफल र असफल छ भन्ने कुरा भ्रष्टाचारले पनि थाहा हुन्छ । हरेक नयाँ सरकारले भ्रष्टाचार अन्त्य गर्ने कुरा फुक्छ । भ्रष्टाचार गर्न दिन्न, भ्रष्टाचारीमाथि कारबाही गर्छु भन्ने कुरा लोकाचारमा सीमित भयो । सत्तासीन दलका नेताहरूको भ्रष्टाचार अन्त्य गर्ने, गर्न नदिने प्रतिज्ञाअनुसार देशमा भ्रष्टाचार नहुनुपर्ने हो; भ्रष्टाचारीहरू कारबाहीमा पर्नुपर्ने हो । तर, शासक दलका नेताहरू नै भ्रष्टाचारीहरूको घेरामा पर्छन्; भ्रष्टाचारीहरूकै चन्दामा दल र दलका कार्यकर्ता परिचालन हुन्छन् । यो नै शासकहरूको कमजोरी हो ।

शासकहरूले चाहेमा भ्रष्टाचार अन्त्य नभए पनि धेरै हदसम्म नियन्त्रण गर्नसक्छन् । शासक र शासकहरूको मातहतमा रहेका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कार्यकर्ता, कर्मचारीहरू इमानदार भएमा देशको आधाभन्दा बढी भ्रष्टाचार घट्छ । ठुलो दलको अभिमानी गर्ने शासक दलहरूले भ्रष्टाचार अन्त्यको कुरा गरेर देशमा सुशासनको अनुभूति दिलाउनु पर्दैन ? भ्रष्टाचार अन्त्यको कुरा जनताको मत खिच्न फलाक्ने होइन व्यवहारमा अन्त्य गरेर देखाउने हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख प्रेमकुमार राईका अनुसार देशमा ५० प्रतिशतभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा हुन्छ । उनका अनुसार सरकारी तथा सार्वजनिक जग्गा हिनामिनामा पहिलो प्राथमिकतामा परेको छ; भूमिहीनको नाम वितरण गरिएको जग्गामा व्यापक बदमासी भएको छ; भ्रष्टाचारको पैसा अमेरिका र सिङ्गापुरसम्म पुगेको छ ।

उनका अनुसार टीकापुर नगर विकास समितिको जग्गा जथाभावी बाँडिएको छ । सुकुमवासी समस्या समाधान आयोगले दिएको जग्गामा पनि धेरै अनियमितता भएको छ । टेरामक्स, सेक्युटिटी प्रेस, टेलिकमको निलिङ प्रणालीमा पनि कमिसनको खेल भएको छ । भ्रष्टाचारको पैसा विदेशसम्म पुगेको खबर पनि प्रकाशमा आयो । नेताहरूको कोठामा तन्न पैसा रहेको र जेन-जी आन्दोलनको क्रममा सो पैसा जलेको सार्वजनिक भएकै हो । आवश्यकताभन्दा बढी आइटी र मेडिकल उपकरण किन्ने र किनेको सामान प्रयोग नगरी थन्काउने काम हुन्छ । बजेटको दुरूपयोग विमानस्थल निर्माणमा पनि भएको प्रमुख राईको दाबी छ । यहीँ कारण नेपाल ग्रेलि स्टमा परेको हो । यसरी विभिन्न प्रकरण र सन्दर्भमा भएका भ्रष्टाचार अन्त्य गर्न भ्रष्टाचारविरोधी सरकार आवश्यक छ, भ्रष्टाचारविरोधी दल र दलका नेता तथा कार्यकर्ताहरू आवश्यक छ । सत्तासीन दलका नेताहरूले किन इमानदार नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कार्यकर्ता र कर्मचारी तयार गर्न सकेनन् । भ्रष्टाचार पुँजीवादी व्यवस्थाको छाया त्यसै भनिएको होइन ।

# नोम चोम्स्की, एप्सटिन र धोकाको राजनीति

✍ **क्रिस हेजेज**

*(हालसालै अमेरिकाको न्याय मन्त्रालयले बालयौन दुराचारी, मानव तस्कर, वित्तपति र साम्राज्यवादी राजनीतिको भूमिगत खेलाडी एप्सटिनसँग सम्बन्धित ३० लाख दस्तावेज सार्वजनिक गर्‍यो ।*

*यी दस्ताबेजमा संसारका विभिन्न चर्चित व्यक्तिहरूको नाम परेको छ । यसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, पूर्वराष्ट्रपति बिल क्लिन्टन, धनाढ्य इलन मस्क, बिल क्लिन्टन, भारतीय प्रम नरेन्द्र मोदी, अम्बानी दाजुभाइ, तिब्बती धर्मगुरु दलाई लामा, आध्यात्मिक गुरु दीपक चोपडा, विज्ञान लेखक रिचर्ड डकिन्स, लरेन्स क्राउस, फिल्मकार वुडी एलन आदिसँगै साम्राज्यवादविरोधी भाषाविद् नोम चोम्स्कीको पनि नाम परेको छ ।*

*एप्सटिनमाथि बाल यौन दुराचारको मुद्दा लागेपछि चोम्स्कीले उनलाई मिडियाको आलोचनाबाट जोगिने उपाय सुझाएर पत्र लेखेका थिए । नोम*



*चोम्स्कीकी पत्नी भालेरियाले ज्योफ्री एप्सटिनसँगको आफूहरूको सम्बन्धलाई लिएर सार्वजनिक माफी मागेकी छिन् । उनले आफूहरूको 'लापरबाही' का कारण 'गम्भीर गल्ती' भएको स्वीकार गरेकी छिन् । उनले आफूहरू एप्सटिनले बोलाएका शैक्षिक कार्यक्रममा गएको तर उनको (बालिका बलात्कार गर्ने र तिनको मासु खाने) कुख्यात 'टापु' मा कहिल्यै नगएको बताएकी छिन् । उनले एप्सटिनले २ लाख ९० हजार डलर प्राप्त गर्न सहयोग गरेको पनि उल्लेख गरेकी छिन् । यी सबै सहयोग चोम्स्कीलाई आफ्नो प्रभावमा पार्न गरिएको भालेरियाको जिरह छ ।*

*हामी यहाँ नोम चोम्स्कीलाई नजिकबाट चिन्ने प्रबुद्ध पत्रकार क्रिस हेजेजको टिप्पणी प्रकाशित गर्दै छौँ । उनी १५ वर्षसम्म 'द न्युयोर्क टाइम्स' का विदेश संवाददाता थिए । उनका विभिन्न चर्चित पुस्तकका लेखक पनि हुन् । उनले अमेरिकाका विभिन्न विश्वविद्यालयमा अध्यापन गरिसकेका छन् ।)*

राजनीतिक नेता, कर्पोरेट धनाढ्य, प्रतिष्ठित विश्वविद्यालयका कुलपति, अर्बपति समाजसेवी, सेलिब्रिटी, राजपरिवार वा कुलीनहरूबाट म धेरै अपेक्षा गर्दिनँ । तिनीहरू आत्मपूजा र नैतिक पतनमा डुबेका आत्मकेन्द्रित र भोगविलासी फोकाभित्र बस्छन् । तर, म नोम चोम्स्कीजस्ता बौद्धिकहरूबाट धेरैथोक अपेक्षा गर्छु ।

सन् २०२३ जूनमा हृदयघात भएपछि नोम अहिले सिकिस्त छन् । ज्योफ्री एप्सटिनसँग आफूहरूको सम्बन्धबारे नोमकी पत्नी भालेरियाको बयान आएको छ । उनको भनाइ एप्सटिनका इमेल र दस्ताबेजहरूमा नाम आएका अन्य व्यक्तिकै जस्तो झारा टार्ने शैलीको छ । भालेरियाले आफू र नोम दुवैजना 'अरूलाई पत्याइहाल्ने खालको' हुनाले 'गलत निर्णय' मा पुगेको बताइन् । उनले लेखेअनुसार एप्सटिनको महलमा हुने विशिष्ट व्यक्तिहरू सम्मिलित भोजभतेर, उसको निजी विमान लोलिता एक्सप्रेसको उडान, बच्चीहरूको यौन शोषणबारे साहित्यिक चर्चा (नोमले चिन्नुपर्ने थियो), वित्तीय सहायता, एप्सटिनको कृषि फर्ममा भ्रमण र न्युयोर्कस्थित उसको अपार्टमेन्टको प्रयोग आदिबाट उनी र नोम जालमा फसेका थिए । एप्सटिन फाइलमा नाम परेका अरूले जस्तै भालेरिया र नोमले 'एप्सटिन वा अरू कोहीकसैबाट कहिल्यै अनुचित व्यवहार भएको देखेनन्' रे ।

नोम चोम्स्कीले एप्सटिनका लागि सिफारिस पत्र लेखेको र उसको अपराधका सन्दर्भमा उसलाई कसरी प्रेसको सामना गर्ने भनी सल्लाह दिएको विषयमा पनि भालेरियाले लेखेकी छिन् । एप्सटिनले 'आफूलाई पीडित देखाउनका लागि 'निषेधको संस्कृति' विरुद्ध नोमले गरेको सार्वजनिक आलोचनाबाट फाइदा' उठाएको हुनाले यी पत्र लेखिएको भालेरियाको तर्क छ । सन् २०१९ मा एप्सटिन दोस्रोपल्ट पक्राउ परेपछि आफू र नोमले 'उसको पृष्ठभूमिबारे मसिनो गरी नजाँच्ने लापरबाही' गरेको उनले बताइन् । पत्रको पुछारमा भालेरियाले 'पीडितहरूप्रति असीम ऐक्यबद्धता' व्यक्त गरेकी छिन् । उनको पत्रमा एप्सटिन फाइलमा नाम परेका सबैले अपनाएकै सूत्र दोहोर्‍याइएको छ । म नोमलाई चिन्छु र लामो समयदेखि मैले उनको प्रशंसा गर्दै आएको छु । उनी निश्चय नै हाम्रा महानतम् र सबैभन्दा सिद्धान्तनिष्ठ बुद्धिजीवी हुन् । म पाठकहरूलाई आश्वस्त पार्न सक्छु – उनकी पत्नीले भने जस्तो नोम निस्क्रिय वा सजिलै धोका खाने सोझो व्यक्ति होइनन् ।

एप्सटिनले बाल दुराचार गर्ने गरेको नोमलाई थाहा थियो । (एप्सटिन फाइलमा परेका) सबैलाई थाहा थियो । एप्सटिनको घेरामा रहेका अरूले जस्तै नोमले पनि त्यसलाई बेवास्ता गरे । एप्सटिन र भालेरियाबिच भएको इमेल पत्राचारबाट खासगरी उनले एप्सटिनको घेरामा रहँदा पाइने विशेष सेवासुविधाबाट लाभ लिएको देखिन्छ । तर, यसो भन्दैमा मौन समर्थन गर्ने नोमको दोष कम हुँदैन । शासक वर्गको शिकारी स्वभाव र पुँजीपतिहरूको क्रूरताबारे नोमलाई अरूलाई भन्दा राम्ररी थाहा छ । तिनीहरूको निर्मम संसारमा खासगरी महिला र किशोरीजस्ता कमजोरहरूलाई उपयोग र शोषण गर्नका लागि वस्तुमा परिणत गरिन्छ । नोमलाई थाहा थियो ।

नोमलाई एप्सटिनले झुक्याएन बरु लोभ्यायो । एप्सटिनसँगको उनको सम्बन्ध भयानक छ । धेरैले यसलाई अक्षम्य दाग मानेका छन् । यसले उनको बौद्धिक विरासतमा नमेटिने कलङ्क लागेको छ । यसबाट पाठ सिक्नुपर्छ । त्यो पाठ के भने शासकवर्गले सित्तैमा केही पनि दिन्न । उसले बदलामा केही खोज्छ । यी नरभक्षीहरूको जति नजिक गयो त्यति तपाईं यिनको दास बन्नुहुन्छ । हाम्रो जिम्मेवारी तिनीहरूसँग हेलमेल बढाउनु होइन बरु तिनलाई नष्ट गर्नु हो ।

***स्रोत : शिरपोस्ट***

***अनुवाद : सम्यक***

# 'तिब्बत विद्रोह' होइन प्रतिक्रान्तिको दुस्प्रयास हो

तिब्बत चीनको अभिन्न अङ्ग र स्वशासित क्षेत्र हो । यो इतिहासबाट पुष्टि भएको यथार्थ हो । तिब्बती जनताको चीनका अरु जातिहरू विशेषगरी हान जातिसँगको सम्बन्ध इतिहासझैँ पुरानो छ । सन् १२५३ देखि अविछिन्न रूपले तिब्बत चीनको एक अभिन्न अङ्ग रहँदै आएको छ । सन् १९७२ मा भएको चीन र नेपालको सन्धिबाट पनि तिब्बत चीनकै प्रदेश रहेको स्पष्ट देखिन्छ । सन् १९५१ मा तिब्बत र चीनबिच १७ दफाको सम्झौता भयो । सो सम्झौतामा तिब्बती जनता मातृभूमि चीनको विशाल परिवारमा फर्कने र संयुक्त भई तिब्बतबाट साम्राज्यवादीहरूलाई निकाल्ने निर्णय थियो । त्यसबेला यो सम्झौतालाई तिब्बतका दलाई लामाले पनि स्वीकार गरी अध्यक्ष माओ त्सेतुङलाई सन्देश पठाएका थिए ।

अमेरिकी र बेलायती साम्राज्यवादीहरू चिनियाँ क्रान्तिपछि तिब्बतबाट सामन्तवादको अन्त्य र भू-दास मुक्तिलाई विरोध गर्दै तिब्बत चीनबाट अलग राख्न चाहन्छन् । सन् १९५० देखि १९६० को बिचमा अमेरिकाले तिब्बतमा 'सशस्त्र विद्रोह' गराउन आर्थिक सहयोग गर्‍यो । संरा अमेरिका र बेलायतले सन् १९५९ को तिब्बतको असफल विद्रोहपछि दलाई लामालाई भारत भगाउन मद्दत गरे । त्यसबेलादेखि दलाई लामाले अमेरिकी आर्थिक सहयोगमा चीनबाट तिब्बतलाई अलग्याउन बारम्बार दुस्प्रयास गर्दै छन् ।

दलाई लामाको नेतृत्वमा राज्य स्थापना गर्ने लक्ष्यसहित 'तिब्बतको प्रवासको संविधान' र 'तिब्बतको भविष्यको संविधान' तयार गरी प्रवासी सरकारको नाममा गृह, परराष्ट्र र सञ्चार, धर्म तथा संस्कृति, शिक्षा, अर्थ, स्वास्थ्य र रक्षा गरी सात मन्त्रालयको बन्दोबस्त गरियो । त्यस्तै 'तिब्बती राष्ट्रिय झन्डा' र 'तिब्बती राष्ट्रिय गान' पनि बनाइयो । प्रवासी तिब्बतीहरूको विद्यालयमा झन्डोत्तोलन र राष्ट्रिय गान गाउनु अनिवार्य गरियो । यसले दलाई लामा सामान्य भिक्षु होइन देश विखण्डनकारीको रूपमा प्रस्तुत भएको स्पष्ट हुन्छ ।

गएको चैतमा दलाई लामाका समर्थकहरूले 'तिब्बतको स्वतन्त्रता आन्दोलन' को नाममा उपद्रव र हुलदङ्गा गरे । हुलदङ्गा गर्नेहरूले व्यापारिक केन्द्रको लुटपाट र आगजनी गरे । तर, पश्चिमी सञ्चारमाध्यम सीएनएन, वासिङटन पोस्ट र बीबीसीले 'तिब्बती देशभक्त' हरू चिनियाँ दमनविरुद्ध उठे जस्ता झूटा समाचार प्रसार गरे ।

चैतको महिना चिनियाँ कम्युनिस्ट पार्टीको सत्रौँ महाधिवेशन थियो । ओलम्पिक खेल सन् २००८ मा चीनमा हुने भएकोले पनि तिब्बतमा उपद्रव मच्चाइएको हो । यसअगाडि भारतका लागि अमेरिकी राजदूत डेभिड मलफोर्डले दलाई लामालाई भारतको धर्मशालामा भेटेका थिए । यसरी अमेरिकाको निर्देशनमा तिब्बतमा उपद्रव भएको पुष्टि हुन्छ ।

संरा अमेरिकाले सन् १९५६ मा हंगेरीमा, सन् १९८९ मा गोर्वाचोभको मद्दतले सोभियत सङ्घमा प्रतिक्रान्ति गराएको थियो । पूर्वी जर्मनी र युगोस्लाभियामा समाजवादी सरकार ढाल्ने काम गरियो । अहिले तिब्बतबारे आइरहेका सबै समाचारहरूमा चीन समर्थक एकजना पनि तिब्बतीसँग अन्तर्वार्ता लिइएको छैन । समाजवादी देश क्युवा र कोरियाविरुद्ध पनि अमेरिकाले शत्रुतापूर्ण नीति लिदै नाकाबन्दी र युद्धको धम्की दिइरहेको छ ।

हाल दलाई लामाले तिब्बतको स्वतन्त्रता होइन स्वायत्तता मागेको बताएको छ । तर उनको स्वायत्ततामा तिब्बतबाट चिनियाँ सेना हट्नुपर्ने उल्लेख छ । यो देश विखण्डनतिर उन्मुख छ । संरा अमेरिका र बेलायत 'तिब्बतमा विद्रोह' को नाममा चीनमा हमला गर्ने अवसर खोज्दै छन् र समाजवाद ध्वस्त गर्न चाहन्छन् । सारा न्यायप्रेमी जनताले यसको निन्दा, विरोध र भर्त्सना गर्नु आवश्यक छ ।

***('श्रमिक' साप्ताहिक ७ जेठ, २०६५)***

***स्रोत - तिब्बत : उपद्रव र यथार्थ***

# भक्तपुरमा आन्दोलन, राजनीति र रूपान्तरण - २

✍ सुरेश ढकाल, सञ्जीव पोखरेल

**राजनीतिक प्रक्रिया र सफाइ अभियान**

फोहर र/वा त्यसलाई मानव स्वास्थ्यसँग जोडी समाधान गर्नुपर्ने समस्या बनाउने प्रक्रिया भक्तपुरका केही कम्युनिस्ट युवाहरूको राजनीतिक चासोबाट जन्मेको देखिन्छ। २०१९ सालमा कामरेड नारायणमान बिजुक्छेँ (हाल नेमकिपा अध्यक्ष) भक्तपुर नगरपालिकाका सदस्य निर्वाचित हुनुभयो। पञ्चायत व्यवस्थाअन्तर्गत भएको स्थानीय तहको निर्वाचनबाट उहाँ नगरपालिका सदस्य बन्नुभएको थियो। कम्युनिस्ट शासन व्यवस्थाका दृढ पक्षपाती कामरेड बिजुक्छेँ युवा लीगका सदस्य हुनुहुन्थ्यो। यो तत्कालीन नेपाल कम्युनिस्ट पार्टीको युवा सङ्गठन थियो; जनताबिच साम्यवादी मूल्यमान्यताको प्रचार गर्ने जनवर्गीय सङ्गठन थियो। स्थानीय निर्वाचनमा प्राप्त विजयलाई कामरेड बिजुक्छेँले जनतालाई 'तिनका वास्तविक अड्चन र सम्भावनाबारे जागरुक' बनाउने अवसरको रूपमा हेर्नुभयो। अझ यो 'जनताबिच पुग्ने र तिनलाई सङ्गठित गर्ने' मौका थियो। बिजुक्छेँ र उहाँका कामरेडहरू लेनिनको उदात्त विचारबाट स्थानीय तहको निर्वाचनमा भाग लिन उत्साहित भएका थिए। लेनिनले भन्नुभएको थियो, "जनताको सेवा गर्न राज्यका प्रतिक्रियावादी सङ्घसंस्थालाई समेत उपयोग गर्नुपर्छ।" *(कामरेड बिजुक्छेँसँगको निजी कुराकानीबाट)*

पञ्चायतको राजनीतिक वातावरणमा यस्तो काम गर्नु अप्ठ्यारो र जोखिमपूर्ण थियो। स्वेच्छाचारी पञ्चायती व्यवस्थाले सम्पूर्ण राजनीतिक दल र तिनका गतिविधिमा प्रतिबन्ध लगाएको थियो। पञ्चायती व्यवस्थाबारे प्रत्यक्ष-परोक्ष छलफल गर्ने र/वा त्यसको विरोध गर्ने कुनै पनि किसिमको राजनीतिक गतिविधिप्रति सरकार सहिष्णु थिएन। यस्ता क्रियाकलापमा संलग्न जोकोहीलाई कैद गर्न सकिन्थ्यो वा तिनले आफ्नो ज्यानै गुमाउनुपर्ने हुनसक्थ्यो। त्यसमाथि कामरेड बिजुक्छेँ पञ्चायती नगरपरिषद्को सदस्य भए पनि एक कम्युनिस्ट कार्यकर्ता हुनुहुन्छ भन्ने कुरा प्रशासनलाई थाहा थियो।

यसकारण, केन्द्रीय सरकारसँग हुनसक्ने अनावश्यक झमेलालाई पन्छाउन कामरेड बिजुक्छेँले आफूलाई आफ्नो वडामा हुने सफाइ अभियान र विकासका गतिविधिमा होम्नुभयो। बाटोघाटो, ढल र सिँचाइ नहरलगायत संरचनाको निर्माण र मर्मतसम्भार, बालबालिका र प्रौढहरूको शिक्षा; स्वास्थ्य चौकी स्थापना र टोलछिमेकको सरसफाइजस्ता कार्यमा लाग्नुभयो। कामरेड बिजुक्छेँ र युवा लीगका उहाँका साथीहरूले यस्ता कार्यक्रममा स्थानीय जनताको बलियो समर्थन र सहभागिता हासिल गर्न खोजे। यो लक्ष्य प्राप्त गर्नका लागि कामरेड बिजुक्छेँ र युवा लीगका सदस्यहरूले प्रायजसो रातको समयमा स्थानीयहरूसँग बरोबर बैठक पनि बस्न थाले। स्थानीय जनताले पनि यस्ता कार्यक्रममा सहभागी हुन रुचि देखाए। उनीहरू आफ्नो समाजमा हुने विकासका गतिविधिबारे छलफल गर्न भेलामा आए।

कामरेड बिजुक्छेँ र उहाँका दृढ समर्थकहरूले नियमित बैठक र भेला गरे; विकासका कार्यहरूमा मिलेर लागिपरे। यी गतिविधि खासगरी दुई तरिकाले महत्त्वपूर्ण रहे। पहिलो, यो जनसमूहबिच अझ सहज र प्रभावकारी ढङ्गले कम्युनिस्ट विचार प्रचार गर्ने अवसर थियो। राजनीतिक मुद्दा र विचारधारा (फर्गुसन, १९९४) बारे अब जनतासँग संवाद गर्न सकिने भयो। टोलको सरसफाइ, ढलको मर्मतसम्भारजस्ता कार्यमा जनता एक ठाउँमा भेला हुँदा त्यसबारे चर्चा गर्न सकिने भयो। दोस्रो, प्रशासनबाट हुने खतरा अब घटेर न्यून भयो। स्थानीय प्रशासनले यस्ता बैठक र क्रियाकलापमा हस्तक्षेप गर्न सक्दैनथ्यो। किनभने, त्यसलाई 'विकासमा जनताको सहभागिता' मान्नैपर्थ्यो। कम्युनिस्ट पार्टीका सदस्यहरूको यस्तो नीतिले भक्तपुरमा एउटा नयाँ खालको सार्वजनिक माहोलको विकास गरेको देखिन्छ। यो माहोल वा मञ्चमा जनताले जीवनका विविध पक्षसँग जोडिएका मुद्दाबारे विश्लेषण, छलफल र बहस गर्न सके।

यी मुद्दाहरूमध्ये सरसफाइलाई सबैभन्दा महत्त्वपूर्ण मानियो। कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूले भक्तपुरलाई सफा बनाउनुपर्छ र यसलाई भक्तपुरेहरू आफैले सफा गर्नुपर्छ भन्ने विचारको विकास गरे र यसलाई लोकप्रिय बनाए। त्यो बेलाको राजनीतिक परिदृश्यमा यो विचार





एकदम सान्दर्भिक थियो। कम्युनिस्ट पार्टी कार्यकर्ताका लागि यो विचार निकै ठुलो राजनीतिक महत्त्वको विषय बन्यो। एकातिर, आफ्नो टोलछिमेकको सफाइमा जनताको स्वेच्छिक सहभागिताले जनताका आवश्यकताप्रति उदासीन रहने त्यसबेलाका सबैथरी सरकारलाई एउटा सन्देश दिन सक्थ्यो। अर्कोतर्फ, भक्तपुरको बेग्लै पहिचान बनाउनका निम्ति यो जनतालाई सङ्गठित गर्ने शक्तिशाली विधि थियो। कामरेड बिजुक्छेँ वि.सं. २०२० र ३० को दशकमा भूमिसुधार आन्दोलनपछि गरिब किसानहरूको जीवनस्तरमा आएको परिवर्तनका कारण भक्तपुरको यो नयाँ पहिचान निर्माण गर्न सम्भव भएको तर्क गर्नुहुन्छ।



सफाइ अभियान (२०२६) को नेतृत्व गर्नुहुँदै बुद्धिकुमार गोसाईं (बिचमा)

**भूमिसुधार आन्दोलन र जनताको जीवनस्तरमा परिवर्तन**

भूमिसुधार आन्दोलनलाई भक्तपुरका जनताको सामाजिक सम्बन्धको समग्र व्यवस्था नै बदल्ने सबैभन्दा अहम् आर्थिक रूपान्तरणको वाहक मान्नुपर्छ *(हाछेथु, २००४)*। २०२१ सालमा पञ्चायत सरकारले लागु गरेको भूमिसुधार ऐनले देशको भूमि वितरणको परम्परागत ढाँचामा थोरै मात्र छाप छोड्यो। यो ऐनले वास्तविक किसानलाई मोहियानी हक र खेतीयोग्य जमिन दिलाउने लक्ष्य लिएको थियो। यसरी वास्तविक मोहीलाई सबल बनाउने भनिए तापनि यसले आफ्नो लक्ष्य हासिल गर्न सकेन (मिश्र, १९८७)। तर, भक्तपुरका स्थानीय जनताको जीवनस्तरमा यस ऐनको प्रभाव एकदम सकारात्मक रह्यो (हाछेथु, २००४)। हाम्रो तर्क के भने भक्तपुरका कम्युनिस्ट कार्यकर्ताहरूले थालेको राजनीतिक प्रक्रियाले यस अर्थमा निकै निर्णायक भूमिका खेलेको छ।

अन्य कम्युनिस्ट घटकहरूले भूमिसुधार ऐनलाई 'शाही भूमिसुधार' भन्दै 'निरङ्कुश सत्तालाई बलियो बनाउने' छलछाम गर्न ल्याइएको भनी आलोचना गरे। तिनीहरूभन्दा फरक भक्तपुरमा कामरेड रोहित र उहाँको समूहले ऐनलाई स्वागत गर्‍यो। यो समूहले सीमान्तकृत किसानको पक्षमा सो अवसरलाई उपयोग गर्ने निधो गर्‍यो। उनीहरूले भूमिसुधार आन्दोलनमा भाग लिए। उनीहरूले मोहीले पाउनुपर्ने मोहियानी हकको लागि औपचारिक दर्ता प्रक्रियामा जान स्थानीय किसानलाई सम्झाइबुझाइ गरे। यी तिनै किसान थिए, जो मोहियानी हकको अभावमा परम्परागत रूपमा शोषणको मारमा पिल्सिँदै आएका थिए।

सफाइ अभियान र स्थानीय विकासका गतिविधिमा स्थानीय जनताको बढ्दो सहभागिताले यसअघि नै बलियो सार्वजनिक माहोल/दायराको निर्माण र विकास गरिसकेको थियो। यसलाई अब सामाजिक र आर्थिक रूपान्तरणको प्रक्रियामा प्रभावकारी ढङ्गले उपयोग गर्न सकिन्थ्यो। यही परिवेशमा भूमिसुधारको घोषणा भयो। यसले भक्तपुरे जनतालाई आफ्नो जीवनस्तर उकास्ने अवसर दियो। कम्युनिस्ट पार्टीका सदस्यहरूको नेतृत्वकै कारण यो अवसरलाई यथार्थमा परिणत गरियो। (खेतीकिसानी गर्ने निम्न जातका नेवारहरू धेरै त भूमिहीन थिए र उच्च जातका स्थानीय जमिनदारले प्रायः तिनको शोषण गर्थे। कम्युनिस्ट कार्यकर्ताहरूको अगुवाइमा यी किसानले मोहीयानी हकका साथै जमिन पाए।

*(**टिपोट १ :** भक्तपुरमा ६० प्रतिशतभन्दा बढी जनता ज्यापू छन् (हाछेथु, २००४: ३८)। भक्तपुरेहरू 'ज्यापू' शब्द उति रुचाउँदैनन्। यसको सट्टा उनीहरू 'किसान' शब्द प्रयोग गर्छन्। भक्तपुरको हकमा 'कम्युनिस्ट सिद्धान्त ज्यापू जातीयता छोप्ने विचारधारा बन्न सक्छ' भन्ने गेलनर (१९९७) को मत छ।)*

कतिपय पाको उमेरका ज्यापूहरू अझै पनि ०२१ सालमा भूमिसुधार ऐन आएपछि चलेको किसान आन्दोलनबारे फूर्तिफार्तीका साथ वर्णन गर्छन्। तिनका कथा उथलपुथलकारी छन्। किसानले कसरी जमिनदारहरूबाट आफ्नो हक लाग्ने बाली खोसे, कसरी किसानले जमिनदारहरूलाई तिनले लिएको कूतबापत भर्पाई रसिद दिन बाध्य पारे, जग्गा दर्ता गर्न नापी कर्मचारी आउँदा किसानले जमिनदारहरूलाई कसरी तिनका मोहीहरूको नाम दर्ता गर्न बाध्य पारे - पाका किसानहरू यस्ता अनेक किस्सा सुनाउँछन्। यी कथाबाट भक्तपुरको सामाजिक र आर्थिक परिदृश्यमा सामाजिक आन्दोलनले ठुलो छाप छोडेको सङ्केत मिल्छ। कामरेड नारायणमान बिजुक्छेँको शब्द सापटी लिएर भन्ने हो भने भक्तपुरको इतिहासमा किसान आन्दोलन विचित्रै थियो किनभने यसले अधिकारविहीन ज्यापू समुदायको आर्थिक स्तरमा निकै ठुलो सकारात्मक बदलाव ल्यायो (निजी वार्ता, २००४)।

हाछेथु (२००४) तर्क गर्छन्, "२०२१ सालको भूमिसुधार ऐन भक्तपुरवासी र खासगरी ज्यापूहरूको आर्थिक अवस्थामा उल्लेख्य सुधार ल्याउने एउटा मोडबिन्दु थियो।" उनी थप लेख्छन्, "९५ प्रतिशतजति किसान मोही थिए। त्यसैले भक्तपुरका बासिन्दाहरूको अवस्था सुधारमा भूमिसुधार ऐनको प्रभाव पर्नु स्वाभाविक थियो (हाछेथु, २००४)।" 'भक्तपुर' जेँला टोलका ६० वर्षीय किसान कृष्णबहादुरले भूमिसुधार आन्दोलनका आफ्ना भोगाइ यसरी सम्झिए :

इतिहास सुनाउँछन् कृष्णबहादुर !

०२१ सालको भूमिसुधारपछिका दिनहरू म आज पनि झलझली सम्झिन्छु। स्थानीय किसानहरूले आफ्ना घरमा छानो हाल्न थाले। तिनले फेरिफेरि नयाँ लुगा लगाउन थाले। धेरैले जुत्ता लगाउन थाले। स्कूलमा विद्यार्थी भर्ना बढ्यो। टोलछिमेकमा नयाँ पसलहरू खुले। त्यस्तै, किसानले उन्नत बीउबिजन, रासायनिक मल किन्न थाले। बढेको बालीनाली स्याहार्न थाले। यसले गर्दा साधारण किसानहरूको किन्ने क्षमता बढ्दै गयो। मेरो विचारमा भक्तपुरका कम्युनिस्टहरूले त्यो बेला किसान आन्दोलन नगरेको भए हामी त्यो कष्टकर जीवनबाट बाहिर निस्किन सक्ने थिएनौँ। बरु, हामी अझै पहिलेझैँ दास (भूदास) कै अवस्थामा हुने थियौँ। त्यो बेला म आफै पनि किसान आन्दोलनमा होमिएको थिएँ। २०२५ सालसम्म आइपुग्दा मेरो टोलका किसानहरूले रातमा बैठक बस्न थालिसकेका थिए। यसले गर्दा पछि लगालग (जमिनदारबाट कुत बुझाएको रसिद लिने) भर्पाइ आन्दोलन, मोहियानी हकको आन्दोलन, कुत घटाउने आन्दोलन, साँढे धपाउने आन्दोलनजस्ता अनेक आन्दोलन भए। यिनै आन्दोलनको बलमा हामीले ०२१ सालको भूमिसुधारले दिएको मोहियानी हक पाउन सकेका थियौँ। त्यसअघि हामी केवल हली (बँधुवा कृषि मजदुर) थियौँ। पछि हामीले उत्पादनको ठुलो हिस्सा आफै लिन सक्यौँ। उदाहरणको लागि, अघिअघि हामीले उब्जेको बालीमध्ये दुईतिहाइ धान र आधा गहुँ जग्गा धनीलाई बुझाउँथ्यौँ। किसानहरूले जमिनदारकहाँ 'बिनाज्याला अनिवार्य' श्रम गर्नुपर्थ्यो। पछि हामीले उनीहरूलाई प्रतिरोपनी २३ पाथी बाली (उत्पादन भएको दुई बालीमध्ये झन्डै आठ भागको एक भाग) बुझाउन थाल्यौँ। जमिनदारको जग्गा जोत्न नचाहे आफूले जोतभोग गर्दै आएको आधा जग्गामाथि हकदाबी गर्न पायौँ। आज तपाईँले मेरो जीवनस्तर जस्तो देख्नुभएको छ, भूमिसुधार नहुँदो हो त यो कहिल्यै सम्भव हुने थिएन।

भक्तपुरमा भूमिसुधार आन्दोलनको सफलता स्थानीय जनताको सामाजिक र आर्थिक जीवनमा प्रभावकारी सिद्ध भयो।



भनपाका जननिर्वाचित पदाधिकारीहरू (२०२९), का. रोहित (दोस्रो पङ्क्तिको बिचमा)

साथै, यो सफलताले अन्य स्थान (डनहाम, १९९९) मा जस्तै जनताबिच आफ्नो विचारधारा फैलाउन र सुदृढ बनाउन चाहेका कम्युनिस्ट कार्यकर्ताहरूको राजनीतिक इच्छाशक्ति पनि बढाइदियो। प्रायःयही दशक लामो आन्दोलनमार्फत भक्तपुरका कम्युनिस्ट कार्यकर्ताहरू स्थानीय जनतासँग घनिष्ट भए। आन्दोलनमा कम्युनिस्ट कार्यकर्ताहरूको सक्रिय सहभागितालाई भक्तपुरभित्र बहुमतमा रहेका किसान समुदायले सकारात्मक माने। यसैकारण, कम्युनिस्ट कार्यकर्ताहरू स्थानीय राजनीतिमा आफ्नो स्थान जमाउन सफल भए। उनीहरूले आफूलाई भक्तपुरको सामाजिक रूपान्तरणका गुरुका रूपमा स्थापित गरे।

# दबाबबिच इरानमा भव्य इस्लामिक क्रान्ति दिवस



दुबई, ११ फेब्रुअरी (एपी) । इरानले सन् १९७९ को इस्लामिक क्रान्तिको ४७औँ वार्षिकोत्सव बुधबार मनाएको छ, तर देश भित्री असन्तोष र बाह्य दबाबका कारण संवेदनशील अवस्थामा रहेको छ ।

राज्य सञ्चारमाध्यमहरूले तेहरानसहित देशभर हजारौँ समर्थकहरू सडकमा उत्रिएको दृश्य प्रसारण गरेका छन्, जहाँ इस्लामिक गणतन्त्र र ८६ वर्षीय सर्वोच्च नेता अयातुल्ला अली खामेनीप्रति समर्थन जनाइएको छ ।

सडक प्रदर्शनमा सहभागीहरूले इरानी र प्यालेस्टिनी झण्डासहित खामेनी तथा इस्लामिक गणतन्त्रका संस्थापक आयातोल्लाह रुहोल्लाह खोमेनीका तस्बिर बोकेका थिए । कतिपयले 'अमेरिका मूर्दावाद' र 'इजरायल मूर्दावाद' जस्ता नारा लगाएका थिए ।

सुधारवादी राष्ट्रपति मसुद पेजेस्कियानले तेहरानको आजादी स्क्वायरमा सम्बोधन गर्ने कार्यक्रम रहेको थियो । उहाँले यसअघि विदेशमन्त्रीलाई अमेरिकी पक्षसँग वार्ता अघि बढाउन निर्देशन दिनुभएको थियो ।

आठ करोड ५० लाख जनसङ्ख्या भएको इरानमा शासनप्रति बलियो समर्थन गर्ने समूह अझै सक्रिय रहेको छ, जसमा अर्धसैनिक क्रान्तिकारी गार्डका सदस्यहरू पनि पर्छन् । हालैको दमनमा हजारौँ पक्राउ परेका र कैयौँ मारिएका विवरण सार्वजनिक भएका छन् । केही नागरिकहरू सरकारी कर्मचारी भएकाले वा सरकारी प्रायोजनमा आयोजित कार्यक्रमको वातावरणका कारण पनि समारोहमा सहभागी हुने गरेका छन् ।

स्मरणोत्सवपछि वरिष्ठ सुरक्षा अधिकारी अली लारिजानी ओमानबाट कतारतर्फ प्रस्थान गर्नुभएको छ । कतारले अमेरिकी सैन्य आधार होस्ट गर्दछ, जसलाई इरानले गत जुनको १२ दिने इरान-इजरायल युद्धको क्रममा आक्रमण गरेको थियो । कतार विगतमा इरानसँग वार्तामा महत्त्वपूर्ण मध्यस्थकर्ता रहँदै आएको छ ।

रुसी सञ्चारमाध्यमसँग कुरा गर्दै विदेशमन्त्री अब्बास अराघचीले अमेरिकाप्रति पूर्ण विश्वास नरहेको बताउनुभएको छ । गत जूनमा वार्ताकै बिचमा आक्रमण भएको अनुभव अत्यन्तै नकारात्मक रहेको उहाँको भनाइ थियो । भविष्यमा त्यस्तो अवस्था दोहोरिन नदिन ग्यारेन्टी आवश्यक रहेको र त्यसमा धेरै हदसम्म अमेरिका जिम्मेवार हुने उहाँले उल्लेख गर्नुभयो । यद्यपि, उहाँले सन् २०१५ को आणविक सम्झौताभन्दा अझ राम्रो सहमति सम्भव हुन सक्ने सङ्केत गर्नुभएको छ ।

# निर्वाचन अनुगमनका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षक तथा पत्रकारहरू बङ्गलादेशमा

ढाका, २७ माघ (एएनआई) । बङ्गलादेशमा बिहीबारलाई तय भएको १३ औं आम चुनाव र जुलाईमा हुने जनमतसङ्ग्रह अनुगमन गर्न कम्तिमा ३९४ जना अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक र १९७ विदेशी पत्रकारहरू बङ्गलादेश आइपुगेको जनाइएको छ ।

अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूमध्ये ८० जनाले विभिन्न अन्तर्राष्ट्रिय सङ्गठनहरूको प्रतिनिधित्व गरेको जनाइएको छ ।

स्वतन्त्र युरोपेली पर्यवेक्षकहरूसहित द्विपक्षीय देशहरूबाट २४० जना पर्यवेक्षकहरू आएको जनाइएको छ ।

अन्य ५१ जना विभिन्न विश्वव्यापी संस्थाहरूसँग सम्बद्ध व्यक्तिहरू रहेको विज्ञप्तिमा उल्लेख छ ।

पर्यवेक्षक मिसनहरू पठाउने प्रमुख संस्थाहरूमा एसियन नेटवर्क फर फ्री इलेक्सन्स (एएनएफआरइएल) छ भने अमेरिकास्थित इन्टरनेसनल रिपब्लिकन इन्स्टिच्युट (आईआरआई) ले १९ जना पर्यवेक्षक तैनाथ गरेको छ । यसैगरी नेसनल डेमोक्र्याटिक इन्स्टिच्युट (एनडीआई) ले एक जना पर्यवेक्षक पठाएको छ ।

अन्य सङ्गठनहरूमा इस्लामिक सहयोग सङ्गठन (ओआईसी), एसियाली राजनीतिक दलहरूको अन्तर्राष्ट्रिय सम्मेलन (आइसिएपीपी) र युरोपेली युनीयन समावेश छन् ।

युरोपेली सङ्घबाहेक २१ वटा देशबाट पर्यवेक्षकहरू आउँदैछन् ।

पाकिस्तान (८), भुटान (२), श्रीलङ्का (११), नेपाल (१), इन्डोनेसिया (३) र फिलिपिन्स (२) मलेसिया (६) जोर्डन (२) टर्की (१३) इरान (३) जर्जिया (२) र रुस (२) बाट पनि पर्यवेक्षकहरू आइपुगेका छन् ।

अन्य सहभागी देशहरूमा चीन (३) जापान (४) दक्षिण कोरिया (२) किर्गिजस्तान (२) उज्बेकिस्तान (२) दक्षिण अफ्रिका (२) र नाइजेरिया (४) समावेश छन् ।

भ्वाइस फर जस्टिस, डेमोक्रेसी इन्टरनेसनल, एसएनएएस अफ्रिका, सार्क ह्युमन राइट्स फाउन्डेसन र पोलिस इन्स्टिच्युट अफ इन्टरनेसनल अफेयर्सजस्ता संस्थाका पर्यवेक्षकहरूले चुनावको अनुगमन गर्नेछन् ।

अन्तर्राष्ट्रिय पर्यवेक्षक भ्रमणको समन्वयलाई समर्थन गर्दै वरिष्ठ सचिव तथा एसडिजी संयोजक लामिया मोर्सेदले यसले बङ्गलादेशको अन्तरिम सरकारमा स्वतन्त्र, निष्पक्ष र सहभागी निर्वाचन गर्न विश्व समुदायको विश्वासलाई प्रतिबिम्बित गरेको बताउनुभएको छ ।

उच्च-स्तरीय सहभागीहरूमा घानाका पूर्व राष्ट्रपति नाना आडो डानक्वा अकुफो-आडो र भुटानका मुख्य निर्वाचन आयुक्त डेकी पेमा आएको जनाइएको छ ।

बङ्गलादेशका लागि टर्कीका पूर्व राजदूत मेहमेत भाकुर एर्कुल र बेलायतको हाउस अफ लर्ड्सका पूर्वसरकारी उप मुख्य सचेतक लर्ड रिचर्ड न्युबी पनि सहभागी भएको जनाइएको छ ।

मलेसियाको निर्वाचन आयोगका अधिकारी रामलान बीर हरून र इरानी सांसद बेहनम सइदी, विदेश नीति तथा राष्ट्रिय सुरक्षा आयोगको प्रिसाइडिङ बोर्डका सदस्य पनि प्रतिनिधिमण्डलमा रहेको जनाइएको छ ।

करिब ५० भन्दा बढी राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूको प्रतिनिधित्व गर्ने दुई हजारभन्दा बढी उम्मेदवारहरूले संसदीय सिटहरूमा प्रतिस्पर्धा गरिरहेका छन् । भने आगामी जुलाईमा जनमतसङ्ग्रहको साथै आम चुनाव हुने कार्यक्रम तय भएको छ ।

# अमेरिकी अटो उद्योग आर्थिक सङ्कटमा, फोर्ड पनि प्रभावित

न्यूयोर्क, २८ माघ (एपी) । अमेरिकी अटोमोबाइल निर्माता फोर्ड मोटर कम्पनीले सन् २०२५ को चौथो त्रैमासिकमा घाटा व्यहोरेको जनाएको छ । यो सन् २००८ को विश्वव्यापी आर्थिक मन्दीपछि देखिएको सबैभन्दा ठूलो त्रैमासिक नोक्सानमध्ये एक हो ।

उक्त अवधिमा कम्पनीले करिब ४५ दशमलव ९ अर्ब डलर आम्दानी गरेको भए पनि उच्च आयात शुल्क, कच्चा पदार्थको मूल्यवृद्धि, उत्पादन लागतमा वृद्धि तथा आपूर्ति शृङ्खलामा आएको अवरोधका कारण नाफा प्रभावित भएको कम्पनीले जनाएको छ । विशेषगरी केही आयातित अटो पार्ट्समा लाग्ने अतिरिक्त कर र शुल्कले वित्तीय दबाब बढाएको उल्लेख गरिएको छ ।

कम्पनीले विद्युतीय सवारी साधन कार्यक्रमतर्फ गरिएको ठूलो लगानी र संरचनात्मक पुनर्संरचनासम्बन्धी खर्चले पनि घाटा बढाउन भूमिका खेलेको बताएको छ । विद्युतीय सवारी उत्पादन विस्तार गर्ने क्रममा प्रारम्भिक चरणमा उच्च लागत व्यहोर्नुपरेको विश्लेषकहरूले बताएका छन् ।

फोर्डका प्रमुख कार्यकारी अधिकृतले आगामी वर्ष लागत नियन्त्रण, उत्पादन दक्षता वृद्धि र प्रतिस्पर्धी मोडेल विकासमार्फत वित्तीय अवस्थामा सुधार ल्याउने लक्ष्य रहेको बताउनुभएको छ ।

कम्पनीले सन् २०२६ मा ब्याज र करअघिको नाफामा उल्लेखनीय सुधार हुने अपेक्षा व्यक्त गरेको छ ।

यद्यपि, विश्वव्यापी बजार प्रतिस्पर्धा, व्यापार नीतिमा अनिश्चितता तथा लागत वृद्धिका चुनौतीहरू कायम रहेकाले कम्पनीले दीर्घकालीन रणनीति सुदृढ बनाउनुपर्ने आवश्यकता देखिएको विश्लेषण गरिएको छ ।

## विश्व सङ्क्षेप

### साइबर आक्रमणपछि सुरक्षा कडा गर्ने तयारीमा जापान एयरलाइन्स

टोकियो,२८ माघ (सिन्हवा) । जापान एयरलाइन्सले आफ्ना वस्तु वितरण सेवाको आरक्षण प्रणालीमा अनधिकृत पहुँच भएको पुष्टि गरेको छ । प्रारम्भिक विवरण अनुसार करिब २८ हजार प्रयोगकर्ताको व्यक्तिगत जानकारी चुहिएको हुन सक्ने अनुमान गरिएको छ । चुहिएको जानकारीमा प्रयोगकर्ताको नाम, ईमेल ठेगाना र फोन नम्बर समावेश छ । यद्यपि, बैंक कार्ड नम्बर, पासवर्ड वा अन्य संवेदनशील विवरण चुहिएको छैन, जसले ठूलो वित्तीय क्षति हुने जोखिम कम गरेको छ ।

एयरलाइन्सले यस समस्याको समाधानका लागि वस्तु वितरण सेवा अस्थायी रूपमा बन्द गरेको छ । कम्पनीले यस घटनाले ग्राहक सेवामा असर नगर्ने र अन्य सेवा प्रणालीहरू सुरक्षित रहेको पनि स्पष्ट पारेको छ । घटना सार्वजनिक भएपछि कम्पनीले सुरक्षा मापदण्ड कडा गर्ने, प्रणालीको कमजोरी पहिचान गर्ने र भविष्यमा यस्ता घटना नदोहोरिन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ ।

विशेषज्ञहरूले यो घटनालाई व्यक्तिगत डेटा सुरक्षा व्यवस्थामा सुधारको आवश्यकता भएको उदाहरणका रूपमा लिएका छन् । उहाँहरूको सुझाव अनुसार प्रयोगकर्ताले आफ्ना व्यक्तिगत विवरणहरूको सुरक्षा गर्न सतर्क रहनु आवश्यक छ । साथै, कम्पनीहरूले प्रणालीमा थप प्रविधिक सुरक्षा उपायहरू लागू गर्नुपर्ने चेतावनी पनि दिइएको छ ।

यो घटनाले व्यक्तिगत डेटा सुरक्षित राख्न कम्पनी र प्रयोगकर्ताबिचको जिम्मेवारीलाई पुनः स्मरण गराएको छ र डिजिटल सुरक्षा सुधारमा ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता देखाएको छ ।

### इजरायलद्वारा वेस्ट बैङ्कबाट २३ जना प्यालेस्टिनी पक्राउ

जेरुसेलम, ११ फेब्रुअरी (क्यूएनए) । इजरायली कब्जा बल (आइओएफ) ले बुधबार वेस्ट बैङ्कका विभिन्न क्षेत्र बाट २३ जना प्यालेस्टिनीलाई पक्राउ गरेको छ । वफा समाचार एजेन्सीले स्थानीय सुरक्षा स्रोतहरूले अल-खलिलमा १० जना प्यालेस्टिनीहरूलाई पक्राउ गर्नुका साथै धेरै घरहरूमा छापा मारेको रिपोर्ट गरेको छ ।

आईओएफले बेथलेहेममा चार प्यालेस्टिनी, नब्लसको गवर्नरेटमा पाँच र उत्तरी रामल्लामा अन्य तीन जनालाई पक्राउ गरेको जनाएको छ ।

उत्तरपूर्वमा कब्जा गरिएको जेरुसेलमा आईओएफले एक जना प्यालेस्टिनी महिलालाई पक्राउ गरेको जनाइएको छ । वेस्ट बैङ्क र अल-कुद्सका सहरहरू र शरणार्थी शिविरहरूमा आईओएफद्वारा दैनिक छापा र आक्रमणहरू भइरहेको जनाइएको छ भने प्रायः द्वन्द्व, गिरफ्तारी र जीवित र रबरको गोलीको साथसाथै युवा प्यालेस्टिनीहरूमा अश्रु ग्याँस पनि प्रहार गरेको जनाइएको छ ।

### मेक्सिकोमा जफत गरिएका हतियारमध्ये ७७ प्रतिशत अमेरिकाबाटै आएको खुलासा

मेक्सिको सिटी, ११ फेब्रुअरी (सिन्हवा) । मेक्सिकोले विगत केही वर्षमा करिब १८ हजार अवैध हतियार जफत गरेको छ, जसमध्ये ७७ प्रतिशत हतियार अमेरिकाबाटै आएका मेक्सिकोका रक्षा सचिव रिकार्डो ट्रेभिल्ला ट्रेजोले मङ्गलबार जानकारी दिनुभएको छ ।

प्रेस सम्मेलनमा राष्ट्रपति क्लाउडिया शेनबाउमले यी हतियारहरू कसरी सङ्गठित अपराध समूहको हातमा पुगे भन्ने विषयमा गहिरो अनुसन्धान आवश्यक रहेकोमा जोड दिनुभयो । उहाँले ड्रग तस्करी र सिमापार हतियार तस्करीलाई मेक्सिकोका प्रमुख चुनौतीका रूपमा उल्लेख गर्नुभयो ।

उहाँहरूले अपराधिक गिरोहलाई कमजोर पार्न र सुरक्षा चुनौतीहरू सामना गर्न संयुक्त प्रयास र अन्तर्राष्ट्रिय सहयोग अनिवार्य रहेको पनि बताउनुभयो । विशेष रूपमा, अमेरिकासँगको सशस्त्र र सुरक्षा समन्वयलाई अझ सुदृढ बनाउनु आवश्यक रहेकोमा जोड दिइएको छ ।

यसले अमेरिका र मेक्सिकोबिच सीमा पार हतियारको समस्यालाई फेरि ध्यानाकर्षण गराएको छ, जहाँ अवैध हतियारहरू प्रायः सिमापार भएर गिरोह र तस्करी नेटवर्कमा पुग्ने गरेको देखिन्छ ।

### फिलिपिन्समा डुङ्गा डुब्दा मृत्यु हुनेको सङ्ख्या ५२ पुग्यो

मनिला, ११ फेब्रुअरी (सिन्हवा) । दक्षिणी फिलिपिन्सको बासिलान प्रान्तमा एउटा डुङ्गा डुब्दा मृत्यु हुनेको सङ्ख्या ५२ पुग्नुका साथै २७ जना अझै बेपत्ता रहेको फिलिपिन्स कोस्ट गार्ड (पिसिजी) ले बुधबार जनाएको छ ।

विभिन्न पक्षसँगको प्रमाणीकरणको आधारमा, एमभी त्रिशा केर्स्टिन-३ डुङ्गामा सवार व्यक्तिहरूको सङ्ख्या ३७२ रहेको पुष्टि भएको पीसीजीले उल्लेख गरेको छ, जसले डुङ्गा डुब्ने घटनाको दुई हप्ताको अनुसन्धानपछि अद्यावधिक तथ्याङ्क जारी गरेको हो ।

प्रारम्भिक अनुसन्धानका आधारमा पुष्टि भएका जीवितहरूको सङ्ख्या २९३ मा समायोजित गरिएको छ । पूर्ण पहिचान प्रमाणीकरण प्रक्रिया पछिको संशोधनमा सूचीबद्ध यात्रुहरू र अघोषित चालक दलका सदस्यहरू दुवै समावेश भएको पीसीजीले जनाएको छ ।

# निर्वाचनको जङ्‌गीकरणले निम्त्याउने दीर्घकालीन खतरा

✍ राजेन्द्र दाहाल

लोकतन्त्रको मूल अभ्यास निर्वाचन नागरिक प्रक्रियाबाट सञ्चालन हुनुपर्ने हो । तर, त्यसो नभई सुरक्षा फौजमा अत्यधिक निर्भर बन्दै गएको छ । यो लोकतन्त्रका लागि दीर्घकालीन खतरा हो ।

यस पटकको निर्वाचनमा राजनीतिक माहौल बनिरहेको देखिँदैन । यो कुनै आश्चर्यको विषय होइन । किनकि यो चुनाव स्वाभाविक राजनीतिक प्रक्रियाबाट हुन लागेको होइन । यो परिबन्दमा परेर गर्न लागिएको बाध्यताको चुनाव हो ।

२०८२ भदौ २३ र २४ गते मुलुक जुन स्तरको अस्तव्यस्तता र अराजकतामा फस्यो, त्यसले राज्यलाई तत्काल कुनै न कुनै निकास खोज्न बाध्य बनायो । विगतमा यस्ता गम्भीर सङ्कट आउँदा अन्तिम विकल्पका रूपमा सर्वदलीय बैठक, सेना परिचालन वा आपत्‌कालीन व्यवस्था अपनाइन्थ्यो । तर, योपटक ती सबै विकल्प एकैचोटि निष्क्रिय बने । ती उपायहरू प्रयोगबाहिर धकेलिएको अवस्थामा आन्दोलनरत पक्षबाट अत्यन्त ठुलो माग अघि सारियो- संसद् विघटन ।

त्यो समय सिंहदरबार र शीतल निवासमा आगलागी भइरहेको थियो । सर्वोच्च अदालतसमेत त्यसैको लपेटामा परिसकेको थियो । राज्य संयन्त्रका लागि तत्काल आगो निभाउनु पहिलो प्राथमिकता बन्यो । यही अवस्थामा राष्ट्रपतिले संसद् विघटन नगरी प्रधानमन्त्री नियुक्त गर्ने र नवनियुक्त प्रधानमन्त्रीको सिफारिशमा संसद् विघटन गर्ने बाटो रोजे । तीन वर्ष पनि पूरा नगरेको संसद् विघटन गरिनु असाधारण र बाध्यकारी निर्णय थियो ।

भदौ २७ गते नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरी फागुन २१ गते निर्वाचनको मिति तोके । तोकिएको समयमा निर्वाचन हुन नसके संवैधानिक सङ्कट अझ गहिरिने सम्भावना छ । संविधानले नचिन्ने प्रक्रिया र संविधानले नचिन्ने व्यक्तिलाई प्रधानमन्त्री बनाइएको अवस्थालाई जनमतमार्फत सच्याइने विश्वास गरिएको छ । जनतामा गएपछि सबै त्रुटि सच्चिन्छन् र संवैधानिक मार्गमा राज्य पुनः फर्किन्छ भन्ने बुझाइबाट निर्वाचनलाई अन्तिम निकासका रूपमा प्रस्तुत गरिएको हो । यो प्रक्रिया सङ्कटबाट बाहिर निस्कने सबैभन्दा राम्रो उपाय हो ।

सुरुकै प्रश्नमा फर्कौं । यस निर्वाचनमा किन उत्साह पैदा हुन सकिरहेको छैन ? बाध्यतामा गरिएको निर्वाचनले स्वाभाविक राजनीतिक उत्साह सिर्जना गर्न सक्दैन । सुशीला कार्की सरकार गठनपछि जुन किसिमको राजनीतिक वातावरण बनाइनुपर्ने थियो, त्यो बन्न सकेन । आक्रोशको ज्वाला शान्त हुन सकेन । स-साना विषयमा पनि प्रधानमन्त्रीको राजीनामा माग्न थालियो । विभिन्न किसिमका धम्की, घुर्की र दबाबहरू आइरहेका छन् । भदौ अन्तिम साताको अस्तव्यस्तपछि प्रकट भएका नवपुस्तालगायत विभिन्न समूहसित सम्झौता गर्दै मुलुक आजको अवस्थामा आइपुगेको छ । यस परिस्थितिमा स्थापित राजनीतिक दलका नेताहरू विवश देखिन्छन् ।

चुनावी माहौल सिर्जना गर्ने भनेकै राजनीतिक दलहरू हुन् । दलहरू नै रक्षात्मक बन्नु परेकाले चुनावी चहलपहल कमजोर छ । चारैतिर आक्रोश फैलिरहेको छ । राजनीतिक दिशा प्रस्ट छैन । पहिलोपटक यस्तो देखिँदै छ - निर्वाचनको मुखमा आइपुग्दा धेरै चिनिएका राजनीतिक व्यक्तित्वले सार्वजनिक रूपमा चुनाव नउठ्ने घोषणा गरिरहेका छन् । उनीहरू राजनीतिमा सक्रिय छन्, पार्टीमा छन्, तर निर्वाचन प्रक्रियाबाट आफूलाई अलग राखिरहेका छन् ।

चारपटक संसद्को निर्वाचन जितिसकेका एकजना नेताले यसपटक चुनाव नउठ्नुको कारण उचित वातावरण नभएको बताए । नयाँ पुस्तालाई अवसर दिनुपर्ने भन्दै निर्णयलाई बाध्यताका रूपमा व्याख्या गरे । चुनाव जितेर संसद् पुगेपछि माननीय भनिन्थ्यो । तर, आज मानबिनाको माननीय भएको अनुभूति उनको थियो । मन्त्री नहुने सांसद संसद्मा बसेर केवल हात उठाउने भूमिकामा सीमित भएको, निरन्तर आलोचना र गाली सहनुपर्ने अवस्था सिर्जना भएको उनको गुनासो थियो ।

त्योबाहेक निर्वाचन खर्च असह्य बन्दै गएको छ । रु. एक करोडभन्दा कम खर्चमा चुनाव उठ्न सकिने अवस्था समाप्त भइसकेको छ । सयौँ मतदान केन्द्रमा प्रतिनिधि खटाउनुपर्ने, तिनको खर्च बेहोर्नुपर्ने, प्रचार र व्यवस्थापनको भार थपिँदै गएको छ । चारपटक चुनाव जित्दा पनि कहिल्यै मन्त्री हुन नपाएको अनुभवले उनमा निराशा थपेको बुझ्न सकिन्थ्यो । भूमिका निर्वाह गर्न नपाइने गाली मात्रै खानुपर्ने अवस्थाले धेरैलाई संसद् राजनीतिबाट टाढा धकेलेको छ ।



यो समस्या व्यक्तिमा मात्र सीमित छैन । देश स्वयम् पनि अत्यधिक खर्चको भार बोकेर निर्वाचनतर्फ अघि बढिरहेको छ । योपटक निर्वाचनको प्रत्यक्ष खर्च रु. २३ देखि २५ अर्ब पुग्ने अनुमान गरिएको छ । त्यसमा झन्डै रु. १९ देखि २० अर्ब सुरक्षा खर्चका नाममा छुट्याइएको छ । अर्थमन्त्रीले चुनाव कम खर्चिलो बनाउनुपर्ने भनाइ सार्वजनिक गरिरहँदा खर्चका तथ्याङ्कहरू त्यसको ठीक उल्टो देखिरहेका छन् ।

जेन-जी प्रदर्शन, जेलबाट भागेका कैदी वा लुटिएका हतियारका कारण सुरक्षा खर्च बढेको भनेर व्याख्या गर्न मिल्दैन । विगतका निर्वाचनहरू हेर्दा सुरक्षा खर्च निरन्तर बढ्दै गएको देखिन्छ । २०७४ र २०७९ सालमा क्रमशः रु. १७ अर्बबाट १९ अर्ब हुँदै अहिले रु. २५ अर्ब नजिक पुगेको चुनावी खर्चको ग्राफले यो प्रवृत्ति नरोकिने स्पष्ट पार्छ ।

निर्वाचन आयोगको खर्च मतपत्र छपाइ, निर्वाचन सामग्री, स्टेसनरी र प्रशासनिक व्यवस्थापनमा सीमित हुन्छ । त्यस्तो खर्च केही अर्बभन्दा धेरै हुँदैन । तर, ठुलो रकम सुरक्षा खर्चका नाममा जान्छ । सुरक्षा भन्नाले नियमित तलब खाइरहेका सुरक्षाकर्मी नै हुन् भनी बुझ्नुपर्छ । म्यादी सुरक्षाकर्मीबाहेक अधिकांश खर्च अतिरिक्त भत्ता र व्यवस्थापनमा जान्छ । निर्वाचन अधिकृतका रूपमा खटाइने न्यायाधीश पनि राज्यकै नियमित कर्मचारी हुन् । यसरी प्रत्यक्ष खर्च अस्वाभाविक रूपमा बढ्दै गएको छ ।

यसको प्रत्यक्ष असर मतदातामा परेको छ । हालको अनुमानअनुसार एक जना मतदाताका लागि राज्यले करीब चौध सय रूपैयाँ प्रत्यक्ष खर्च गरिरहेको छ । करीब १ करोड ९० लाख मतदातालाई आधार मानेर गरिएको यस खर्चमा उम्मेदवार, पार्टी र नियमित सरकारी खर्च समावेश छैन । करीब ६० देखि ६५ प्रतिशतभन्दा माथि मतदान हुने गरेको छैन । राज्यले खर्च त सबै मतदाताका नाममा गरेको छ । यसको अर्थ ठुलो मात्रामा स्रोत खेर गइरहेको छ ।

चुनाव भनेको लोकतन्त्रको उत्सव हो । तर, अहिले चुनाव भन्नासाथ राजनीति, नागरिकका जल्दाबल्दा समस्या र जनचासोभन्दा प्राथमिकतामा सुरक्षा देखिन्छ । यसले नागरिक उत्साह बढाउनुको सट्टा डर र उदासीनता उत्पादन गरिरहेको छ । यसै कारण अहिलेको निर्वाचनलाई केवल प्रक्रिया होइन, लोकतान्त्रिक अभ्यास स्वयम् सङ्कटमा परेको सङ्केतका रूपमा हेर्नुपर्ने अवस्था आएको छ ।

चुनाव भन्नासाथ नागरिकभन्दा पहिले सेना, प्रहरी र सुरक्षालाई केन्द्रमा राखिने प्रवृत्ति हाबी हुँदै गएको छ । यही प्रवृत्तिले 'सिभिलियन' निर्वाचनको जङ्‌गीकरण र लोकतान्त्रिक संरचनाहरूको क्षयीकरण हुन थालेको छ ।

प्रायः सबै मिडियामा 'कुन जिल्लामा कति मतदान केन्द्र संवेदनशील छन्' भन्ने प्रचार एक महिनादेखि नै सुरु भएको देखिन्छ । 'संवेदनशील मतदान केन्द्र' को सूची सार्वजनिक गरिन्छ । निश्चय नै कतिपय स्थान संवेदनशील हुनसक्छ । मतदान केन्द्र र मतपेटिका लुटिन सक्ने, अवाञ्छित गतिविधि हुनसक्ने सम्भावना पूर्णतः अस्वीकार गर्न सकिँदैन । तर, ती सबै कुरा सार्वजनिक रूपमा प्रचार गर्ने विषय होइनन् । सुरक्षा व्यवस्थापनको जिम्मा लिएको निकायले आफ्नो दायित्वभित्र रहेर व्यवस्थापन गर्ने कुरा हो । त्यसका लागि बजेट चाहिन्छ भने बजेट माग्ने हो । तर, सम्पूर्ण समाजलाई डर र असुरक्षाको मनोविज्ञानमा धकेल्ने गरी प्रचार गर्नु लोकतान्त्रिक अभ्यास होइन ।

संवेदनशीलताको अत्यधिक 'लेबलिङ' चुनावी बजेट बढाउने एउटा माध्यम बन्दै गएको छ । जसरी हुन्छ खर्च बढाउने प्रवृत्ति मौलाउँदै गएको छ । परिणामस्वरूप निर्वाचन कर्मचारी र सुरक्षाकर्मीका लागि छुट्टै काम र छुट्टै अवसरजस्तो बनेको छ । कार्यालयमा बसेर गर्ने नियमित कामको तलबभन्दा बाहिर निर्वाचनमा खटिँदा थप भत्ता, सुविधा र व्यवस्थापन खर्च जोडिन्छ । स्थलगत रूपमा खटिँदा केही अतिरिक्त खर्च आवश्यक पर्नु स्वाभाविक हो । तर, त्यस सीमाभित्र सीमित भएमा यति ठुलो खर्च आवश्यक पर्दैनथ्यो ।

चुनावमा ८० हजार सेना परिचालन हुने समाचार सार्वजनिक भएका छन् । यदि यसलाई सही मान्ने हो भने यसको अर्थ ती सुरक्षाकर्मीका लागि अतिरिक्त खर्च र भत्ता सुनिश्चित गर्नु हो । यसले खर्चलाई अझै अस्वाभाविक बनाएको छ ।

मेरो बुझाइमा निर्वाचन कर्मचारीले 'सिभिलियन' ढङ्गले सञ्चालन गर्नुपर्ने प्रक्रिया हो । अझ आदर्श रूपमा हेर्ने हो भने म्यादी प्रहरीको सट्टा स्वयम्सेवकको अवधारणा विकास

***बाँकी पृष्ठ ८ मा***

# कहिलेसम्म सहिरहनुपर्ने हो नेपालीले दण्डहीनता ?

✍ सोम निरौला

जेन-जी प्रदर्शनका प्रतिनिधि र सरकारबिच २०८२ मङ्सिर २४ गते सम्पन्न सम्झौताले दण्डहीनतालाई प्रश्रय दिने काम गरेको छ ।

लोकतन्त्रमा कानुनी शासनको परिकल्पना गरिएको हुन्छ र प्रत्येक व्यक्ति कानुनको दृष्टिमा समान मानिन्छ । जब लोकतन्त्रलाई कमजोर पार्ने प्रयत्न गरिन्छ त्यसबेला व्यक्तिगत स्वार्थ र लोभलाई पद्धतिले नियन्त्रण गर्न सक्दैन र दण्डहीनता मौलाउन थाल्छ । संयुक्त राष्ट्रसङ्घको परिभाषाअनुसार दण्डहीनता भन्नाले कुनै अपराध, दुराचार वा मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिलाई कानुनी वा व्यावहारिक कारबाहीको दायरामा ल्याउन नसकिने अवस्थालाई जनाउँछ । यस्तो अवस्थामा उनीहरूलाई आरोप लगाउने, पक्राउ गर्ने, मुद्दा चलाउने, दोषी पाइएमा उचित सजाय दिने तथा पीडितलाई क्षतिपूर्ति दिलाउने प्रक्रियातर्फ लैजान सक्ने कुनै पनि प्रकारको आपराधिक, देवानी, प्रशासनिक वा अनुशासनात्मक अनुसन्धान प्रारम्भ नै हुँदैन । दण्डहीनताको अवस्थाले कानुनी शासन र लोकतान्त्रिक विधि अनि प्रक्रियालाई नै कमजोर पारिदिन्छ । विभिन्न कालखण्डका आन्दोलनमा मानव अधिकार उल्लङ्घन वा भ्रष्टाचारमा भएका दण्डहीनताको अवस्थाले गहिरो जरो गाडेको छ र यो संस्कृतिकै रूपमा मौलाएको छ ।

नेपालमा भएका आन्दोलनहरूले परिवर्तनको चक्र नै बनाएका छन् । मुख्यतः पञ्चायत कालमा भएका प्रहरी दमन र हिंसाका घटनाको सत्य-तथ्य बाहिर आएन । प्रायः सबै आन्दोलनका घटनालाई आपराधिक घटनाकै रूपमा हेरी दण्ड सजाय गरियो । २०४६ सालको जनआन्दोलनका क्रममा भएका मानव अधिकार उल्लङ्घनका घटनाको छानबिनका लागि २०४७ जेठ ९ गते तत्कालीन मुख्य न्यायाधीश जनार्दनलाल मल्लिकको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको थियो । उक्त अवधिमा ४५ जनाको मृत्यु हुनुका साथै २३ हजार घाइते भएका थिए भने १०० जना दोषी ठहर भएका थिए । त्यसबेला मल्लिक आयोगले कारबाही सिफारिश गरेका नवराज सुवेदी अहिले राजावादी आन्दोलनका कमान्डर भई बसेका छन् । कतिपयलाई कानुनको अभाव र कतिपयलाई शान्ति सुरक्षामा खलल पुग्न सक्छ भनी कारबाहीको दायरामा ल्याइएन ।

२०६२/६३ सालको दोस्रो जनआन्दोलनको क्रममा भएको मानव अधिकार उल्लङ्घनको छानबिनको लागि कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा आयोग गठन गरियो । यसको प्रतिवेदन पूर्ण रूपमा सार्वजनिक गरिएन । मानव अधिकार उल्लङ्घनकर्ता करीब २०० जनालाई कारबाही गर्न भनियो तर ती कसैलाई पनि कारबाही गरिएन । जनआन्दोलनका बेला गृहमन्त्री रहेका कमल थापालगायत आन्दोलन दमनकर्ताहरूले पूर्ण उन्मुक्ति पाए ।

माओवादीको सशस्त्र द्वन्द्वका क्रममा १७ हजार मान्छे मारिएका थिए । गैरन्यायिक हत्या, यातना, बलात्कार, बेपत्ता लगायतका मानव अधिकार उल्लङ्घनका घटनाको छानबिनका लागि आयोग बनाउने र बेपत्ता भएकाहरू शान्ति सम्झौता भएको ६० दिनभित्र सार्वजनिक गर्ने भन्ने व्यवस्था भए पनि कानुनको तयारी गर्न आयोगहरूको गठन गर्नमै लामो समय खर्चियो । कानुनलाई पीडितको पक्षमा बनाउन करीब १८ वर्ष लाग्यो । तत्पश्चात् आयोग गठन प्रक्रियामा पीडित र मानव अधिकारकर्मीहरूको स्वीकार्य कमी भएका कारण आयोगले काम गर्न सकेको छैन । द्वन्द्व पीडितहरू निरन्तर न्यायको सङ्घर्षमा छन् भने तत्कालीन युद्धरत पक्ष र राजनीतिक दलहरूले यस प्रक्रियालाई अन्त्य गर्न राजनीतिक इच्छाशक्ति देखाएका छैनन् ।

पछिल्लो समय नागरिकहरूले भ्रष्टाचार, सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती र प्रशासनिक झन्झट भएको गुनासो गरिरहेका थिए । यस्तो गुनासो राख्ने माध्यम सामाजिक सञ्जालहरू हुँदै आइरहेका छन् । जसलाई नियमनको दायरामा ल्याउन भनी यसअघिको केपी शर्मा ओली नेतृत्वको सरकारले २०८२ भदौमा बन्देज गरिदिँदा नवयुवा (जेन-जी) आक्रोशित बन्न पुगे भने यस विद्रोहलाई अवसरको रूपमा परिणत गर्न ढुकिबसेकाहरूले विध्वंस पनि मच्चाए । विद्रोहका क्रममा ७६ जनाको मृत्यु भयो भने ४८ घण्टामा अर्बौंको आर्थिक क्षति हुन पुग्यो । भदौ २३ गते नवयुवाको जुलुसले नयाँ बानेश्वरस्थित एभरेस्ट होटेल सामुन्ने पुगेपछि प्रहरीको 'ब्यारिकेड' तोडे । अनि उत्तेजित भीड हिंसात्मक बन्यो । प्रदर्शनकारीहरू संसद् भवनमा प्रवेश गर्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको देखिन्छ । मङ्सिर २२ गते एमनेस्टी इन्टरनेशनलको प्रतिवेदनले प्रहरीसँग भएको अति घातक हतियारहरूको अत्यधिक प्रयोग भयो र धेरै मानवीय क्षति हुन पुग्यो भन्ने उल्लेख गरेको छ । यो प्रतिवेदन र त्यस बखत घाइतेहरूको उपचारमा संलग्न चिकित्सकहरूले दिएको प्रतिवेदन हेर्दा अधिकांश प्रदर्शनकारीको टाउको र छातीमा गोली लागेको देखिन्छ । यस्तो अवस्था कसरी सिर्जना भयो र प्रहरीले किन अत्यधिक बल प्रयोग गर्‍यो भनी सत्य-तथ्य उजागर गर्न आयोग गठन गरिएको छ ।

जेन-जी प्रदर्शनका क्रममा पहिलो निशानामा प्रहरीलगायत राज्य संरचना परेको देखिन्छ । माओवादी द्वन्द्वमा संलग्न कतिपय व्यक्ति बदलाको भावनाले पनि प्रहरीमाथि आक्रमण भएका समाचार पक्राउ परेकाहरूको बयानबाट थाहा हुन्छ । यसभन्दा अघिका द्वन्द्वका पीडकहरूलाई समाजमा छाती फुकाएर हिंड्न दिएपछि उत्पन्न दण्डहीनताको अवस्था झल्कन्छ । मल्लिक र रायमाझी गरी दुइटा आयोग गठन भए पनि तिनले बुझाएका प्रतिवेदनहरू सरकारले कार्यान्वयन गरेन । दण्डहीनताको अन्त्य नगरी हिंसात्मक विद्रोहको चक्र नरोकिने देखिन्छ ।

माओवादी द्वन्द्वमा भएका जघन्य अपराधमा पनि शान्ति बिथोलिने भन्दै पीडितको न्याय पाउने अभिलाषालाई कुण्ठित पारिएको छ । सरकारले विभिन्न गम्भीर अपराधमा संलग्नहरूलाई आममाफी दिनुले आम जनताले अन्याय महसूस गर्दै आएका छन् । संविधान र कानुनले राष्ट्रपतिलाई दिएको अधिकारलाई राजनीतिक अभीष्ट पूरा गर्ने हेतुले सरकारले आममाफीको सिफारिश गर्ने गरेको छ ।

जेन-जी प्रदर्शनका प्रतिनिधि र सरकारबिच २०८२ मङ्सिर २४ गते सम्पन्न सम्झौताले दण्डहीनतालाई प्रश्रय दिने काम गरेको छ । सरकारले आयोग गठन गरेर मानव अधिकार उल्लङ्घन र हिंसात्मक कार्यको छानबीन गर्न कार्यादेश तोकेको थियो । यस सम्झौताले समितिको कार्यशैलीमाथि पनि हस्तक्षेप गर्नुका साथै राजनीतिक गतिविधिमा संलग्नहरूलाई छूट दिने मनसाय सम्झौताको बुँदा २.१ (ग) र (घ) ले देखाउँछ । छानबिन समितिको प्रतिवेदन नआउँदै सरकारले राजनीतिक विरोधको अर्थ लगाएर सबै हिंसात्मक गतिविधिमा संलग्नहरूलाई उन्मुक्ति दिने आशय देखिन्छ ।

विद्रोह पश्चात्को सम्झौताले ६ वटा आयोगको परिकल्पना गरेको छ । कतिपय स्थायी प्रकृतिका आयोग हुने उल्लेख गरिएको छ । यसका साथै भ्रष्टाचार र दण्डहीनता अन्त्यका लागि स्थायी प्रकृतिको आयोग बनाउने सम्झौताको बुँदा १.३ मा भनिएको छ । यस्ता विभिन्न आयोगको गठनका लागि कानुनी र संवैधानिक आधारहरू नै देखिँदैन । आर्थिक रूपमा भदौ २३ र २४ गते धेरै क्षति भए पनि यो सम्झौतामा यस विषयमा कुनै कुरा उठान गरिएको छैन ।

सामाजिक र राजनीतिक परिवर्तन निरन्तर प्रक्रिया हुन् । यस्ता परिवर्तनहरू विभिन्न सामाजिक र राजनीतिक आन्दोलनले नै ल्याउने गर्छन् । परिवर्तनका लागि भनेर गरिएका आन्दोलनहरू हिंसात्मक भए भने त्यस्ता आन्दोलनबाट आएको परिवर्तनले दीर्घकालीन उपलब्धि र शान्ति ल्याउँदैन । लोकतन्त्रमा विमति राख्ने विभिन्न माध्यम छन् । शान्तिपूर्ण आन्दोलन सबैको अधिकारभित्र पर्छन् । अधिकार दाबी गर्ने नाममा हिंसात्मक आन्दोलनले प्रश्रय पाउनु हुँदैन ।

दण्डहीनता अन्त्यका लागि कानुनी शासन र संवैधानिक सर्वोच्चता कायम हुन आवश्यक छ । अहिलेको सरकार निर्वाचन गराउने कार्यादेशका साथ गठन भएको छ । यसले दीर्घकालीन कार्य गर्न समय-सीमाका कारण पनि सम्भव छैन । यसर्थ, सरकारले आफूलाई प्राप्त कार्यादिशलाई प्राथमिकता दिई समयमा निर्वाचन सम्पन्न गरी अन्योलको अन्त्य गर्नुपर्छ । निर्वाचन पश्चात्को सरकारले दण्डहीनताको अन्त्यका लागि दीर्घकालीन रूपमा काम गर्नुपर्ने हुन्छ ।

***(मानव अधिकारको क्षेत्रमा कार्यरत निरौला त्रिविको द्वन्द्व, शान्ति र विकास विभागमा एमफिलका विद्यार्थी हुन् ।)***



काठमाडौं क्षेत्र नं. १० मा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार बिन्द्रा महर्जन बुधबार कीर्तिपुरमा घरदैलो र मतदातासँग भेटघाटमा। *तस्बिर : मजदुर दैनिक*

# क्यानाडामा गोलीकाण्ड, ९ जनाको मृत्यु

टोरन्टो, २८ माघ (एएफपी)। पश्चिमी क्यानाडाको दुर्गम क्षेत्रमा मङ्गलबार भएको सामूहिक गोलीकाण्डमा कम्तीमा नौ जनाको मृत्यु भएको छ। घटनामा सात जना माध्यमिक विद्यालयमा गोली हानेर मारिएका छन्। घटना रकी पर्वतमालाको फेदीमा अवस्थित सुरम्य पहाडी उपत्यका सहर ब्रिटिस कोलम्बियाको टम्बलर रिजमा भएको हो।

रोयल क्यानेडियन माउन्टेड पुलिस (आरसिएमपी) ले जारी गरेको विज्ञप्तिअनुसार कुल २७ जना घाइते भएका छन्। तीमध्ये दुई जनाको अवस्था गम्भीर छ भने अन्य २५ जनालाई विभिन्न किसिमको चोटपटक लागेको छ।

क्यानाडाली सञ्चारमाध्यमहरूले बन्दुकधारी महिला भएको जनाएका छन्। तर आरसिएमपीले मङ्गलबार आयोजित पत्रकार सम्मेलनमा संदिग्धको पहिचानबारे विस्तृत विवरण दिन अस्वीकार गरेको छ।

प्रहरीका अनुसार मङ्गलबार दिउँसो टम्बलर रिज माध्यमिक विद्यालयमा सक्रिय बन्दुकधारी रहेको चेतावनी जारी गरिएको थियो। सुरक्षाकर्मीहरूले विद्यालय परिसरको खोजी गर्दा छ जनालाई गोली हानेर हत्या गरिएको अवस्थामा फेला पारेका थिए। अर्को एक जना घाइतेको अस्पताल लैजाँदै गर्दा मृत्यु भएको थियो।

यसैबिच प्रहरीले टम्बलर रिजस्थित एक निवासबाट थप दुई जनाको शव फेला पारेको जनाएको छ। उक्त घर घटनासँग जोडिएको विश्वास गरिएको प्रहरीले उल्लेख गरेको छ। विद्यालय परिसरभित्र गोली चलाउने व्यक्तिको रूपमा आशङ्का गरिएको व्यक्ति पनि मृत अवस्थामा फेला परेको र प्रारम्भिक रूपमा आत्महत्याजस्तो देखिएको प्रहरीले जनाएको छ।

टम्बलर रिज नगरपालिकाले जारी गरेको वक्तव्यमा समुदायले भोगिरहेको पीडालाई शब्दमा व्यक्त गर्न नसकिने उल्लेख गरिएको छ।

घटनाका बेला विद्यालयमा रहेका विद्यार्थी डेरियन क्विस्टले सार्वजनिक प्रसारक सिबिसीलाई आफू मेकानिक्स कक्षामा रहेका बेला विद्यालय सुरक्षात्मक बन्द अवस्थाको घोषणा भएको बताउनुभएको छ। सुरुमा आफूले सामान्य सावधानी ठाने पनि केही समयपछि विद्यालयभित्रको घटनाका तस्बिरहरू प्राप्त हुन थालेपछि स्थिति गम्भीर रहेको महसुस भएको उहाँले उल्लेख गर्नुभयो। त्यसपछि वास्तविकता स्पष्ट भएको उहाँले बताउनुभयो।

उहाँले करिब दुई घण्टाभन्दा बढी समय सुरक्षात्मक बन्द अवस्थामा बस्नुपरेको र त्यसपछि प्रहरी विद्यालयभित्र प्रवेश गरी सबैलाई हात माथि उठाएर बाहिर निस्कन निर्देशन दिएको जानकारी दिनुभयो।

डेरियनकी आमा शेली क्विस्टले पनि सिबिसीसँग कुरा गर्दै स्थल सुरक्षित घोषणा भएपछि छोरोसँग भेट हुँदा अँगालो हालेर समातेको बताउनुभएको छ। अब केही समय उहाँलाई आफ्नो नजरबाट टाढा जान नदिने उहाँले उल्लेख गर्नुभयो।

प्रधानमन्त्री मार्क कार्नीले घटनाप्रति आफू स्तब्ध भएको बताउनुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले हिंसाका यस्ता भयानक कार्यमा आफ्ना प्रियजन गुमाउने परिवार र साथीहरूप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ।

ब्रिटिस कोलम्बियाका प्रिमियर डेभिड इबीले पनि घटनालाई अकल्पनीय हिंसा भन्दै निन्दा गर्नुभएको छ। सङ्घीय विपक्षी नेता पियरे पोइलिभ्रेले यसलाई हिंसाको मूर्खतापूर्ण कार्यको संज्ञा दिनुभएको छ।

आरसिएमपीका उत्तरी जिल्ला कमान्डर केन फ्लोइडले घटनालाई द्रुत रूपमा विकसित र अत्यन्त जटिल अवस्था भएको बताउनुभएको छ। उहाँले यो दिन समुदायका लागि अत्यन्त गाह्रो र भावनात्मक रहेको उल्लेख गर्दै अनुसन्धान अघि बढाउन देखाएको सहयोगप्रति आभार व्यक्त गर्नुभएको छ।

प्रहरीले घटनासँग सम्बन्धित थप स्थानहरू हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै समुदायका अन्य घर तथा सम्पत्तिको पनि खोजी गरिरहेको जनाएको छ।

करिब दुई हजार ४०० जनसङ्ख्या रहेको शान्त सहर टम्बलर रिज, ब्रिटिस कोलम्बियाको सबैभन्दा ठुलो सहर भ्यानकुभरबाट एक हजार १०० किलोमिटरभन्दा बढी उत्तरमा अवस्थित छ। नगरपालिकाले ज्यान गुमाएका व्यक्तिहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै यस त्रासदीले परिवार, विद्यार्थी, कर्मचारी र सम्पूर्ण समुदायमा गहिरो प्रभाव पारेको उल्लेख गरेको छ। समुदाय अहिले शोक र स्तब्धताको अवस्थामा रहेको जनाइएको छ।

# निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने ५१ लाई आयोगले सोध्यो स्पष्टीकरण, ३० जवाफ

काठमाडौँ, २८ माघ। केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त ५१ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकोमा ३० वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ।

आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो। दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले राससलाई जानकारी दिनुभयो।

जिल्लास्तरमा निर्वाचन आचारसंहिना उल्लङ्घनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ। निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ। आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उहाँले बताउनुभयो।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ। छोटो समयमै सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ। जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ। ***रासस***

***निर्वाचनको...***

गर्न सकिन्थ्यो। निर्वाचनमा सहकार्य गर्ने, मतदान प्रक्रियामा सहयोग गर्ने नागरिक स्वयम्सेवकको प्रणाली किन विकास गरिएन भन्ने प्रश्न उठ्छ। प्रतिस्पर्धामा रहेका राजनीतिक दलहरूबिच सहमति भएमा स्वयम्सेवक परिचालनमा आपत्ति गर्नुपर्ने कारण देखिँदैन। तर, अग्रपङ्क्तिमा नागरिक र पछाडि सुरक्षा संयन्त्र रहने व्यवस्था लोकतन्त्रको आत्मासँग मेल खान्छ।

आज परिस्थिति उल्टिएको छ। नागरिक प्रक्रियामा सञ्चालन हुनुपर्ने निर्वाचनमा जङ्गी संरचना हाबी हुँदै गएको छ। यसको प्रत्यक्ष असर खर्च वृद्धिमा परेको छ। सुरक्षाकर्मीले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ, त्यसमा विवाद छैन। तर, सबै तहमा सुरक्षाकर्मी नै खटिने, प्रत्येक नागरिकलाई शङ्काको दृष्टिले हेर्ने र नेतृत्व स्वयम् 'सिभिलियन' भूमिका निर्वाह गर्न असफल हुने अवस्था गम्भीर चिन्ताको विषय हो।

नागरिक नेतृत्व आफ्नो स्थानमा दृढ रहनुपर्छ। सुरक्षा संयन्त्रलाई उचित निर्देशन, तालिम र उपकरण उपलब्ध गराउने दायित्व नागरिक नेतृत्वकै हो। तर, सबै ठाउँमा सुरक्षा फौजलाई अगाडि सार्ने र नागरिक भूमिकालाई कमजोर बनाउने अभ्यास लोकतन्त्रका लागि दीर्घकालीन खतरा हो।

२०/२५ वर्षपहिले यस्ता बहसहरू नागरिक समाज र राजनीतिक वृत्तमा चुनावअघि निकै हुने गर्थे। अहिले त्यस्तो बहस हराउँदै गएको छ। निर्वाचनमा जङ्गीकरण बढ्दै गएको छ। यो अन्ततः कहीं नपुग्ने यात्रा हो।

यस पटकको निर्वाचनमा राज्यको प्रत्यक्ष रु. २५ अर्ब र उम्मेदवार, दल र अन्य अप्रत्यक्ष खर्च जोड्दा यो रकम खर्बनजिक पुग्छ। निर्वाचनका कारण मुलुकका आर्थिक गतिविधि ठप्प हुन्छन्। उत्पादन र उपार्जन रोकिन्छन्। समस्या यहीँबाट सुरु हुन्छ।

निर्वाचनमा नागरिक संलग्नताको अवधारणा कमजोर हुँदै गएको छ। पहिले राजनीतिक स्वयम्सेवक देखिन्थे। अहिले त्यो दृश्य लगभग समाप्त भएको छ। म्यादी सुरक्षाकर्मीको सङ्ख्या बढ्दै गएको छ। पहिले नेपाल प्रहरीले मात्रै म्यादी खटाउँथ्यो। अहिले सशस्त्र प्रहरी पनि थपिएको छ। सम्पूर्ण सुरक्षा संयन्त्रको छाता सेनाको हातमा छ। सर्वोच्च सुरक्षा निकायका रूपमा सेनाको भूमिका स्वाभाविक हो। तर, यसले निर्वाचन नागरिक अभ्यासबाट टाढा गएको सङ्केत गर्छ।

हामीकहाँ निर्वाचन घोषणा भएपछि ६ महिनाको समय पनि अपुग ठानिन्छ। जबकि, विश्वका धेरै मुलुकमा एक महिनाभित्रै मतदान सम्पन्न गरिन्छ। हामीसँग सङ्घीय संरचना अन्तर्गत ७५३ स्थानीय तह छन्। ती पालिकालाई निर्वाचन व्यवस्थापनमा पूर्ण रूपमा परिचालन गर्न सकिन्थ्यो। निर्वाचन सामग्री सुरक्षित राख्ने, स्वयम्सेवक परिचालन गर्ने, आधारभूत व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिन सकिन्थ्यो। केन्द्रले आवश्यक सुरक्षा उपकरण र विशेष व्यवस्थापन मात्र उपलब्ध गराउने हो भने निर्वाचन खर्च पर्याप्त मात्रामा घटाउन सकिन्थ्यो।

२०७२ सालमा बनेको संविधान आज एक दशक पूरा हुँदा पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। संविधानमा तोकिएको समयसीमाभित्र बनाइनुपर्ने धेरै कानुन अझै बनेका छैनन्। निजामती ऐन, प्रहरी ऐन, शिक्षा ऐनजस्ता आधारभूत कानुनहरू अझै अधुरै छन्।

संविधानलाई 'पेन्डुलम' जस्तो झुन्ड्याएर राख्दा त्यसको असर संस्थामा पर्छ। संस्थाले अपेक्षित काम गर्न नसक्दा नागरिकमा वितृष्णा पैदा हुन्छ। संस्थाहरूले आफ्नो दायित्व पूरा नगर्दा नागरिक असन्तोष चुलिएको हो।

यसका साथै हामी अर्थतन्त्रमा पनि असफल भयौँ। रोजगारी सिर्जना गर्न सकेनौँ। उत्पादन र निर्यात बढाउन सकेनौँ। श्रम निर्यातबाहेक अन्य विकल्प खोज्न सकेनौँ। यसले नागरिक स्रोत कमजोर बनायो।

नागरिक समाज कमजोर बन्यो। मिडियाजस्ता 'सिभिलियन' संस्थाहरू कमजोर बने। नागरिक समाज कमजोर भएको छ। बहस र छलफल हराउँदै गएका छन्। यही कारण निर्वाचन प्रक्रियामा सुधार, संविधानको प्रभावकारी कार्यान्वयन र आवश्यक परिमार्जनका बहसहरू सार्वजनिक रूपमा देखिँदैनन्। धेरैको प्राथमिकतामा यी विषय पर्न छाडिसके। सुन्ने र सुनाउने दुवैको अभाव छ।

यति हुँदाहुँदै पनि आशा गर्ने ठाउँ पूर्णतः समाप्त भइसकेको छैन। यस निर्वाचनले केही यथास्थितिलाई हल्लाउने सङ्केत दिएको छ। तर, एउटै निर्वाचनले सम्पूर्ण राजनीतिको दिशा तुरुन्तै बदल्न सक्दैन। दसौँ वर्षसम्म थुप्रिएका समस्या एकैचोटि समाधान हुने सम्भावना छैन। सही थालनी भएमा आगामी एक-दुई निर्वाचनपछि मात्र राजनीतिले सही बाटो लिन सक्छ।

आगामी संसद्ले आवश्यक कानुन निर्माणमा पहल गर्ला भन्ने अपेक्षा गर्न सकिन्छ। कुनै दलको स्पष्ट बहुमत नआए सरकारदेखि कानुन निर्माणको काममा समेत कठिनाइ हुन्छ। कानुन निर्माण र कार्यान्वयनबिना समाज र राजनीति दुवैले गति पाउँदैनन्।

*(दाहाल शिक्षक मासिकका सम्पादक हुन्।)*

## हार्दिक समवेदना



जन्म: २००२/०८/०५
निधन: २०८२/१०/०१

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ९ तौलाछें टोल बस्ने यस संस्थाका सदस्यता नं. ६२१५ का सदस्य **नानी चुल्याद**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म: २०११/०८/०५
निधन: २०८२/१०/२६

यस भक्तपुर आदर निकेतनका कार्यालय सहयोगी मन्दिरा ह्योम्बाका पूजनीय पिता **नारनभक्त गाईजु**को अल्पआयुमै दुःखद निधनको खबरले हामी दुःखी छौँ। यस दुःखद घडीमा आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर आदर निकेतन परिवार**
च्याम्हासिंह-९, भक्तपुर

वाग्मती प्रदेश, स्थानीय तह

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## अनलाइन बोलपत्र आह्वानको सूचना

**गोरखापत्र दैनिकमा प्रकाशित मिति : २०८२/१०/२८ गते**

भक्तपुर नगरपालिकाबाट वडा नं. १० स्थित सिलखे फोहरमैला प्रशोधन केन्द्रमा CNBM प्रविधिबाट कम्पोष्ट मल तयार गर्न आवश्यक देहायका कच्चा पदार्थहरू खरिद गर्नुपर्ने भएकोले e-Gp System को माध्यमबाट बोलपत्र आह्वानको सूचना गो.प.दैनिकमा प्रकाशित मितिले ३१ औं दिनको १२:०० बजेभित्रमा Bid Submission गर्नूहुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp वा कार्यालयमा सम्पर्क राख्नुहुनसमेत सूचित गरिन्छ।

**तपसिल**

| ठेक्का नं. | मालसामानको स्पेसिफिकेसन र विवरण | परिमाण | बोलपत्र दस्तुर रू. | बोलपत्र जमानत /धरौटी रकम रू. | बोलपत्र पेस गर्ने र खोल्ने मिति, समय |
|---|---|---|---|---|---|
| F.S.००६/०८२/८३ | १) तोकोजाइ | १,००,००० के.जी. | ३,०००।०० (तीन हजार) | १,८०,००० | अन्तिम मिति २०८२/११/२९ १२:०० बजेसम्म र खोल्ने सोही दिन दिनको १:३० बजे |
| | २) ढुटो (नन्स्टिम) | २२,००० के.जी. | | | |
| | ३) रातोमाटो (सुख्खा) | ३,००,००० के.जी. | | | |
| | ४) सुली (कोइलर/लोकल कुखुराको) | २५,००० के.जी. | | | |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा